# राप्ती सोनारी गाउँपालिका

# स्थानिय राजपत्र

# राप्ती सोनारी गाउँपालिकाद्धारा प्रकाशित

# खण्ड १० संख्या १ मिति २०८३।५।३१

## भाग ३

**राप्ती सोनारी गाउँपालिकाको नदीजन्य पदार्थको स्रोत व्यवस्थापन, उत्खनन्, संकलन, उपयोग, बिक्री, लिलाम, निकासी तथा नियमन सम्बन्धी कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्विकृत मितिः२०८३।५।३१

प्रमाणिकरण मितिः २०८३।६।५

प्रस्तावना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित संघीय, प्रदेश र स्थानीय कानूनद्वारा गाउँपालिकालाई प्राप्त अधिकारको प्रयोग गर्दै गाउँपालिकाको अधिकारक्षेत्रभित्र रहेका नदी, खोला, खहरे, नदी उकास तथा जलाधार क्षेत्रबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो, मिस्कट तथा अन्य नदीजन्य पदार्थको वैज्ञानिक, वातावरणमैत्री, दिगो, पारदर्शी, प्रतिस्पर्धात्मक, मितव्ययी तथा जवाफदेही ढङ्गले स्रोत व्यवस्थापन, उत्खनन्, संकलन, उपयोग, बिक्री, लिलाम, निकासी, ढुवानी तथा नियमन गर्न; प्राकृतिक स्रोतको संरक्षण, सार्वजनिक हित तथा स्थानीय राजस्वको संरक्षण गर्न; अनधिकृत उत्खनन्, अवैध संकलन तथा भण्डारण, राजस्व चुहावट, अनधिकृत बिक्री तथा निकासी, स्रोतको दुरुपयोग र वातावरणीय तथा सार्वजनिक संरचनामा हुने क्षति नियन्त्रण गर्न; स्रोत पहिचान तथा अभिलेखीकरण, वातावरणीय अध्ययन, प्राविधिक नापजाँच तथा परिमाण निर्धारण, स्टक प्रमाणीकरण, डिजिटल अभिलेख तथा ट्र्याकिङ, अनुगमन, नियन्त्रण तथा कानूनबमोजिमको कारबाहीलाई व्यवस्थित र एकीकृत गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाइएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको पूरा नाम "राप्ती सोनारी गाउँपालिकाको नदीजन्य पदार्थको स्रोत व्यवस्थापन, उत्खनन्, संकलन, उपयोग, बिक्री, लिलाम, निकासी तथा नियमन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ र यसलाई संक्षेपमा **"राप्ती सोनारी गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०८३"** भनिनेछ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले राप्ती सोनारी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले राप्ती सोनारी गाउँ सभा सम्झनु पर्छ।

(ङ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खहरे, जलाधार वा नदी उकास क्षेत्रबाट प्राकृतिक रूपमा प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मिस्कट, बोल्डर, माटो लगायत प्रचलित कानूनले नदीजन्य/खानीजन्य पदार्थका रूपमा तोकेका पदार्थ सम्झनु पर्छ।

(च) "उत्खनन्" भन्नाले नदी वा खोला तथा तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ निकाल्ने कार्य सम्झनु पर्छ।

(छ) "संकलन" भन्नाले प्राकृतिक रूपमा जम्मा भएको वा कानूनी रूपमा उत्खनन् गरिएको नदीजन्य पदार्थलाई तोकिएको स्थानमा जम्मा गर्ने कार्य सम्झनु पर्छ।

(ज) "स्टक" भन्नाले कुनै व्यक्ति, फर्म, कम्पनी, क्रसर उद्योग, निर्माण व्यवसायी वा अन्य निकायको स्वामित्व/जिम्मेवारीमा रहेको प्रमाणित वा प्रमाणित हुन बाँकी नदीजन्य पदार्थको मौज्दात सम्झनु पर्छ।

(झ) "आन्तरिक उपयोग" भन्नाले गाउँपालिकाको आफ्नै योजना, वडा कार्यालयका योजना, सार्वजनिक पूर्वाधार, विपद् व्यवस्थापन, सार्वजनिक हितका आयोजना वा प्रचलित कानून बमोजिम स्वीकृत अन्य गैरव्यावसायिक प्रयोजनमा नदीजन्य पदार्थ प्रयोग गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "बिक्री" भन्नाले प्रचलित कानून तथा यस कार्यविधि बमोजिम मूल्य/दर कायम गरी नदीजन्य पदार्थ हस्तान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(ट) "लिलाम" भन्नाले प्रतिस्पर्धात्मक प्रक्रियाबाट नदीजन्य पदार्थ बिक्री गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ठ) "निकासी पास" भन्नाले तोकिएको परिमाणको नदीजन्य पदार्थ तोकिएको स्रोतबाट तोकिएको गन्तव्यमा ढुवानी गर्न गाउँपालिकाले जारी गर्ने प्रमाणित अनुमति-पत्र सम्झनु पर्छ।

(ड) "स्टक प्रमाणीकरण" भन्नाले स्थलगत नापजाँच, अभिलेख, खरिद/उत्खनन् स्रोत तथा उपलब्ध प्रमाणका आधारमा मौज्दात नदीजन्य पदार्थको परिमाण र स्रोत प्रमाणित गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ढ) "प्राविधिक प्रतिवेदन" भन्नाले नदीजन्य पदार्थको स्रोत, क्षेत्र, परिमाण, उत्खनन् गहिराइ, विधि, वातावरणीय जोखिम तथा अन्य प्राविधिक विषय समेटिएको प्राविधिक प्रतिवेदन सम्झनु पर्छ।

(ण) "वातावरणीय अध्ययन" भन्नाले प्रचलित वातावरणीय कानून बमोजिम गर्नुपर्ने वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(त) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने नदीजन्य पदार्थ व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(थ) "क्रसर उद्योग" भन्नाले प्रचलित कानून बमोजिम नदीजन्य वा खानीजन्य पदार्थ प्रशोधन गर्ने उद्योग सम्झनु पर्छ।

(द) "डिजिटल ट्र्याकिङ प्रणाली" भन्नाले VCTS, Online Bill वा गाउँपालिकाले स्वीकृत गरेको अन्य विद्युतीय अभिलेख/अनुगमन प्रणाली सम्झनु पर्छ।

## ३. उद्देश्य

यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन्-

(क) नदीजन्य पदार्थको दिगो तथा वातावरणमैत्री उपयोग गर्ने,

(ख) अवैध उत्खनन्, संकलन, भण्डारण तथा निकासी नियन्त्रण गर्ने,

(ग) स्रोतको वैज्ञानिक तथा प्राविधिक पहिचान र परिमाण निर्धारण गर्ने,

(घ) सार्वजनिक तथा निजी प्रयोजनका लागि स्पष्ट प्रक्रिया निर्धारण गर्ने,

(ङ) नदीजन्य पदार्थको बिक्री तथा लिलाममा पारदर्शिता र प्रतिस्पर्धा कायम गर्ने,

(च) गाउँपालिकाको राजस्व चुहावट नियन्त्रण गर्ने,

(छ) स्टक प्रमाणीकरणको एकरूप प्रणाली कायम गर्ने,

(ज) ढुवानी तथा निकासीमा डिजिटल अभिलेख प्रणाली लागू गर्ने,

(झ) वातावरण, नदी प्रणाली, तटबन्ध, पुल, सडक, कृषि भूमि तथा बस्तीको संरक्षण गर्ने,

(ञ) नदीजन्य पदार्थको व्यवस्थापनमा सम्बन्धित सबै शाखा तथा निकायको जिम्मेवारी स्पष्ट गर्ने।

### ४. कार्यविधिको क्षेत्र

(१) यो कार्यविधि राप्ती सोनारी गाउँपालिकाको अधिकारक्षेत्रभित्र रहेका नदी, खोला, खहरे, नदी उकास क्षेत्र तथा यस कार्यविधिको प्रयोजनका लागि गाउँपालिकाले तोकेका क्षेत्रबाट प्राप्त हुने नदीजन्य पदार्थमा लागू हुनेछ।

(२) संघीय वा प्रदेश कानूनले विशेष व्यवस्था गरेको क्षेत्र वा विषयमा सोही कानून लागू हुनेछ।

(३) राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, वन क्षेत्र, संरक्षित क्षेत्र, सरकारी/सार्वजनिक जग्गा वा अन्य विशेष कानूनी संरक्षण प्राप्त क्षेत्रमा सम्बन्धित निकायको स्वीकृति/सहमति आवश्यक पर्ने भएमा त्यस्तो स्वीकृति प्राप्त नगरी यस कार्यविधि बमोजिमको अनुमति मात्रका आधारमा उत्खनन् गर्न पाइने छैन।

## परिच्छेद–२

## कानूनी आधार तथा सञ्चालनका मूल सिद्धान्तको पालना

### ५. कानूनी आधार

यस कार्यविधिको कार्यान्वयन देहायका प्रचलित कानून तथा मापदण्डको अधीनमा रही गरिनेछः-

(क) नेपालको संविधान,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ग) वातावरण संरक्षण ऐन, २०७६,

(घ) वातावरण संरक्षण नियमावली, २०७७,

(ङ) प्रचलित खानी तथा खनिज पदार्थसम्बन्धी कानून,

(च) ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७,

(छ) लुम्बिनी प्रदेशको वातावरण, प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ सम्बन्धी कानून,

(ज) गाउँपालिकाको आर्थिक ऐन,

(झ) गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतसम्बन्धी प्रचलित कानून,

(ञ) सार्वजनिक खरिद तथा लिलाम सम्बन्धी प्रचलित कानून,

(ट) अन्य प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून।

### ६. मूल सिद्धान्त

नदीजन्य पदार्थ व्यवस्थापन गर्दा देहायका सिद्धान्त अवलम्बन तथा पालना गरिनेछः-

(क) कानूनको सर्वोच्चता,

(ख) वातावरणीय दिगोपना,

(ग) वैज्ञानिक तथा प्राविधिक आधार,

(घ) पारदर्शिता,

(ङ) प्रतिस्पर्धा,

(च) सार्वजनिक हित,

(छ) राजस्व संरक्षण,

(ज) उत्तरदायित्व तथा जवाफदेहिता,

(झ) डिजिटल अभिलेख तथा ट्रेसबिलिटी,

(ञ) प्राकृतिक स्रोतको दीगो उपयोग।

## परिच्छेद–३

## स्रोत पहिचान, सर्वेक्षण तथा परिमाण निर्धारण

### ७. नदीजन्य पदार्थको स्रोत पहिचान तथा अभिलेखीकरण

(१) गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र रहेका नदी, खोला, खहरे, नदी उकास क्षेत्र तथा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने अन्य क्षेत्रको व्यवस्थित रूपमा पहिचान गरी त्यस्ता स्रोतहरूको स्रोत अभिलेख तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्रोत पहिचान गर्दा प्राकृतिक स्रोतको अवस्था, भौगोलिक अवस्था, नदीको बहाव, विगतको उत्खनन् तथा संकलनको अवस्था, वातावरणीय संवेदनशीलता, सार्वजनिक पूर्वाधार तथा मानव बस्तीमा पर्न सक्ने प्रभाव समेतलाई आधार लिइनेछ।

(३) प्रत्येक स्रोतलाई आवश्यकतानुसार छुट्टाछुट्टै स्रोत संकेत नम्बर **(Source Identification Number)** प्रदान गरी डिजिटल वा भौतिक अभिलेखमा राख्न सकिनेछ।

(४) स्रोत अभिलेखमा कम्तीमा देहायका विवरण समावेश गर्नुपर्नेछः-

(क) नदी/खोलाको नाम;

(ख) वडा नं.;

(ग) स्रोतको निश्चित स्थान तथा चार किल्ला;

(घ) GPS Coordinates तथा आवश्यकतानुसार GIS नक्सा;

(ङ) उत्खनन् तथा संकलन गर्न प्रस्तावित क्षेत्रफल;

(च) नदीको बहाव तथा नदीको वर्तमान अवस्थाको विवरण;

(छ) नदीजन्य पदार्थको प्रकार;

(ज) अनुमानित उपलब्ध परिमाण;

(झ) प्राविधिक रूपमा उत्खनन् गर्न सकिने सम्भावित परिमाण;

(ञ) वातावरणीय रूपमा स्वीकार्य उत्खनन् योग्य परिमाण;

(ट) विगतमा उत्खनन्/संकलन भएको विवरण, उपलब्ध भएमा;

(ठ) नजिकको बस्ती, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य संवेदनशील क्षेत्र;

(ड) पुल, कल्भर्ट, तटबन्ध, सडक, खानेपानी संरचना, सिंचाइ संरचना तथा अन्य सार्वजनिक पूर्वाधारको अवस्था;

(ढ) वन, सामुदायिक वन, मध्यवर्ती क्षेत्र, संरक्षित क्षेत्र वा अन्य संवेदनशील क्षेत्रको अवस्था;

(ण) नदी कटान तथा बाढीको जोखिम;

(त) प्रस्तावित उत्खनन् क्षेत्रको पहुँचमार्ग तथा ढुवानी अवस्था;

(थ) वातावरणीय तथा सामाजिक जोखिम;

(द) सम्बन्धित अन्य निकायबाट आवश्यक स्वीकृति, सहमति वा समन्वयको अवस्था;

(ध) अन्य आवश्यक प्राविधिक तथा प्रशासनिक विवरण।

(५) स्रोत अभिलेख तयार गर्दा सम्बन्धित वडा कार्यालय, प्राविधिक शाखा, सम्बन्धी जिम्मेवार शाखा तथा आवश्यकता अनुसार सम्बन्धित सरकारी निकायसँग समन्वय गर्न सकिनेछ।

(६) स्रोत अभिलेखलाई प्रत्येक आर्थिक वर्षमा वा गाउँपालिकाले आवश्यक ठानेको अवधिमा पुनरावलोकन तथा अद्यावधिक गर्नुपर्नेछ।

(७) कुनै नदी वा खोलाको बहाव, भौगोलिक अवस्था, कटान, बाढी, प्राकृतिक प्रकोप वा अन्य कारणले स्रोतको अवस्था परिवर्तन भएमा प्राविधिक शाखाले त्यस्तो स्रोतको अभिलेख तत्काल अद्यावधिक गर्नुपर्नेछ।

## ८. प्रारम्भिक स्रोत सर्वेक्षण

(१) नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री वा लिलामको प्रक्रिया अघि बढाउनुपूर्व सम्बन्धित स्रोतको प्रारम्भिक प्राविधिक सर्वेक्षण गर्नुपर्नेछ।

(२) प्रारम्भिक सर्वेक्षणको उद्देश्य स्रोतमा नदीजन्य पदार्थको उपलब्धता, सम्भावित उत्खनन् क्षेत्र, वातावरणीय तथा संरचनागत जोखिम र उत्खनन् गर्न सकिने सम्भावनाको प्रारम्भिक मूल्याङ्कन गर्नु हुनेछ।

(३) प्रारम्भिक सर्वेक्षणमा कम्तीमा देहायका विषय परीक्षण गरिनेछः-

(क) स्रोतको भौगोलिक अवस्था;

(ख) नदीको वर्तमान बहाव;

(ग) नदीजन्य पदार्थको प्रकृति तथा अवस्था;

(घ) सम्भावित उत्खनन् क्षेत्र;

(ङ) सतही रूपमा देखिने नदीजन्य पदार्थको मात्रा;

(च) नदीको कटान तथा जम्ने प्रवृत्ति;

(छ) बाढी तथा डुबानको सम्भावित जोखिम;

(ज) पुल, कल्भर्ट, तटबन्ध तथा अन्य संरचनामा पर्न सक्ने प्रभाव;

(झ) कृषि भूमि तथा बस्तीमा पर्न सक्ने प्रभाव;

(ञ) वन, वातावरण तथा जैविक विविधतामा पर्न सक्ने प्रभाव;

(ट) उत्खनन् तथा ढुवानीका लागि पहुँचमार्गको अवस्था;

(ठ) अन्य आवश्यक प्राविधिक विषय।

(४) प्रारम्भिक सर्वेक्षणबाट कुनै क्षेत्र उत्खनन् गर्न अनुपयुक्त देखिएमा त्यस्तो क्षेत्रलाई **उत्खनन् निषेधित वा संवेदनशील क्षेत्र** का रूपमा अभिलेख गर्न सकिनेछ।

## ९. उपलब्ध परिमाण, उत्खनन् योग्य परिमाण र स्वीकृत परिमाणको निर्धारण

(१) नदीजन्य पदार्थको परिमाण निर्धारण गर्दा देहायका परिमाणलाई अलग-अलग रूपमा निर्धारण गर्नुपर्नेछः-

(क) **कुल अनुमानित उपलब्ध परिमाण:** सर्वेक्षणबाट सम्बन्धित स्रोत क्षेत्रमा प्राकृतिक रूपमा उपलब्ध हुन सक्ने अनुमानित कुल नदीजन्य पदार्थको परिमाण;

(ख) **प्राविधिक रूपमा उत्खनन् गर्न सकिने परिमाण:** प्राविधिक तथा भौगोलिक अवस्थाका आधारमा उत्खनन् गर्न सम्भव देखिएको परिमाण;

(ग) **वातावरणीय रूपमा स्वीकार्य परिमाण:** वातावरणीय, जलाधार, नदी प्रणाली तथा संरचनागत सुरक्षा कायम राखी उत्खनन् गर्न सकिने अधिकतम परिमाण;

(घ) **स्वीकृत उत्खनन् परिमाण:** प्रचलित कानून, वातावरणीय स्वीकृति, प्राविधिक प्रतिवेदन तथा गाउँपालिकाको निर्णय/स्वीकृतिका आधारमा सम्बन्धित अवधि वा आर्थिक वर्षका लागि तोकिएको अन्तिम उत्खनन् परिमाण।

(२) उपदफा (१) बमोजिमका परिमाणमध्ये **वातावरणीय तथा प्राविधिक रूपमा स्वीकार्य परिमाणभन्दा बढी परिमाणलाई बिक्री वा उत्खनन् प्रयोजनका लागि आधार बनाउन पाइने छैन।**

(३) वातावरणीय अध्ययन, प्राविधिक प्रतिवेदन वा सम्बन्धित सक्षम निकायबाट कम परिमाण मात्र स्वीकृत भएको अवस्थामा सोही कम परिमाणलाई अन्तिम स्वीकृत परिमाण मानिनेछ।

(४) विगतमा उत्खनन् भएको परिमाण, बाँकी स्टक, प्राकृतिक रूपमा थपिएको नदीजन्य पदार्थ तथा नदीको वर्तमान अवस्थालाई समेत आवश्यकतानुसार विचार गरी आगामी अवधिको उत्खनन् योग्य परिमाण निर्धारण गर्नुपर्नेछ।

### १०. उत्खनन् क्षेत्र निर्धारण तथा सीमाङ्कन

(१) प्राविधिक प्रतिवेदनका आधारमा उत्खनन् गर्न मिल्ने क्षेत्र स्पष्ट रूपमा निर्धारण गरी आवश्यकतानुसार नक्सा, GPS Coordinates वा अन्य प्राविधिक माध्यमबाट सीमाङ्कन गर्नुपर्नेछ।

(२) उत्खनन् क्षेत्रको चार किल्ला तथा आवश्यक सुरक्षा सीमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) उत्खनन् क्षेत्र र निषेधित क्षेत्र छुट्टाछुट्टै पहिचान हुने गरी अभिलेख राख्नुपर्नेछ।

(४) आवश्यक देखिएमा उत्खनन् क्षेत्रको सीमाना स्थलगत रूपमा चिन्ह लगाई संकेत/सूचना बोर्ड राख्न सकिनेछ।

(५) स्वीकृत उत्खनन् क्षेत्रभन्दा बाहिर कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा ठेकेदारले नदीजन्य पदार्थ उत्खनन् गर्न पाउने छैन।

### ११. वातावरणीय अध्ययन तथा स्वीकृतिसँग समन्वय

(१) प्रचलित वातावरणीय कानून बमोजिम वातावरणीय अध्ययन, स्वीकृति वा अनुमति आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन् कार्यमा त्यस्तो अध्ययन/स्वीकृति प्राप्त नगरी उत्खनन्, बिक्री वा निकासी प्रक्रिया सञ्चालन गर्न पाइने छैन।

(२) वातावरणीय अध्ययनबाट निर्धारण भएको क्षेत्र, परिमाण, अवधि, उत्खनन् विधि तथा अन्य शर्तलाई प्राविधिक प्रतिवेदन तथा गाउँपालिकाको स्वीकृत प्रक्रियामा समावेश गर्नुपर्नेछ।

(३) वातावरणीय अध्ययन वा स्वीकृतिमा तोकिएको परिमाणभन्दा बढी उत्खनन् गर्न पाइने छैन।

(४) वातावरणीय स्वीकृति प्राप्त भए तापनि नदीको वर्तमान अवस्था परिवर्तन भई उत्खनन् गर्दा जोखिम बढेको देखिएमा गाउँपालिकाले प्राविधिक प्रतिवेदनका आधारमा उत्खनन् सीमित, स्थगित वा पुनःमूल्याङ्कन गर्न सक्नेछ।

### १२. स्वीकृत परिमाणभन्दा बढी उत्खनन् गर्न नहुने

(१) प्राविधिक प्रतिवेदन, वातावरणीय स्वीकृति, लिलाम/सम्झौता वा गाउँपालिकाको स्वीकृत निर्णयमा तोकिएको परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन्, संकलन, उठान वा निकासी गर्न पाइने छैन।

(२) स्वीकृत परिमाणको पूर्ण वा आंशिक रूपमा उठान भइसकेपछि थप उत्खनन् गर्न आवश्यक भएमा प्रचलित कानूनबमोजिम पुनःप्राविधिक परीक्षण तथा आवश्यक स्वीकृति प्राप्त नगरी थप उत्खनन् गर्न पाइने छैन।

(३) कुनै कारणले स्वीकृत परिमाणभन्दा कम मात्र उत्खनन् भएको अवस्थामा बाँकी परिमाणलाई स्वतः अर्को आर्थिक वर्ष वा अर्को सम्झौतामा सारिएको मानिने छैन।

(४) अर्को अवधि वा आर्थिक वर्षका लागि पुनःउत्खनन् गर्नुपरेमा त्यस अवधिको नदीको अवस्था, प्राकृतिक पुनर्भरण, वातावरणीय अवस्था तथा प्राविधिक सम्भाव्यताको पुनर्मूल्याङ्कन गरी आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ।

## १३. स्रोत संरक्षण तथा उत्खनन् स्थगन

(१) कुनै स्रोतबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा वातावरणीय क्षति, नदी कटान, संरचनागत जोखिम वा सार्वजनिक हितमा प्रतिकूल प्रभाव परेको वा पर्न सक्ने देखिएमा गाउँपालिकाले प्राविधिक सिफारिसका आधारमा त्यस्तो स्रोतमा उत्खनन् तत्काल रोक्न वा सीमित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उत्खनन् रोकिएको अवस्थामा सम्बन्धित पक्षलाई कारणसहित जानकारी गराई आवश्यक प्राविधिक तथा कानूनी प्रक्रिया पूरा गरिनेछ।

(३) उत्खनन् पुनः सञ्चालन गर्न आवश्यक भएमा नयाँ वा अद्यावधिक प्राविधिक मूल्याङ्कनका आधारमा निर्णय गर्नुपर्नेछ।

## १४. वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश स्रोतको मान्यता

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, प्रचलित वातावरणीय कानून बमोजिम स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा स्पष्ट रूपमा पहिचान, सर्वेक्षण तथा अभिलेखीकरण भएको नदी, खोला, खहरे, नदी उकास क्षेत्र वा नदीजन्य पदार्थ उपलब्ध हुने क्षेत्रलाई स्रोत पहिचान तथा अभिलेखीकरणको प्रयोजनका लागि वैधानिक रूपमा पहिचान भएको स्रोत मानिनेछ।

(२) उपदफा (१) बमोजिमको स्रोतको हकमा IEE प्रतिवेदनमा समावेश भएको स्रोतको स्थान, चार किल्ला, GPS Coordinates, क्षेत्रफल, नदीजन्य पदार्थको प्रकार, अनुमानित परिमाण, उत्खनन् योग्य क्षेत्र तथा अन्य प्राविधिक विवरणलाई गाउँपालिकाको **स्रोत अभिलेख (Source Inventory)** तयार गर्ने आधारका रूपमा ग्रहण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम IEE प्रतिवेदनमा स्रोत पहिचान तथा सर्वेक्षण भइसकेको अवस्थामा सोही स्रोतको पहिचानका लागि पुनः प्रारम्भिक स्रोत सर्वेक्षण गर्न अनिवार्य हुने छैन।

(४) IEE प्रतिवेदनमा उल्लेख भएको स्रोत, क्षेत्रफल तथा परिमाणलाई स्वतः उत्खनन् गर्न पाउने अन्तिम स्वीकृति, बिक्री वा निकासीको अधिकार प्राप्त भएको मानिने छैन। त्यस्तो स्रोतबाट उत्खनन्, संकलन, बिक्री, लिलाम वा निकासी गर्न प्रचलित कानून, वातावरणीय स्वीकृति, प्राविधिक प्रतिवेदन, स्वीकृत उत्खनन् परिमाण तथा गाउँपालिकाबाट पूरा गर्नुपर्ने अन्य आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ।

(५) IEE प्रतिवेदनमा उल्लेख भएको स्रोतको सम्बन्धमा पछि गरिएको प्राविधिक सर्वेक्षण वा पुनर्मूल्याङ्कनबाट प्रतिवेदनमा उल्लेख भएको परिमाणभन्दा कम मात्र उत्खनन् गर्न उपयुक्त देखिएमा प्राविधिक तथा वातावरणीय रूपमा स्वीकार्य कम परिमाणलाई नै आधार मानिनेछ।

(६) IEE प्रतिवेदनमा स्रोत पहिचान तथा सर्वेक्षण भएको भए तापनि सम्बन्धित स्रोत संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, वन क्षेत्र, सामुदायिक वन क्षेत्र वा अन्य संवेदनशील क्षेत्रमा पर्ने भएमा सम्बन्धित प्रचलित कानूनबमोजिम आवश्यक स्वीकृति, सहमति वा समन्वय प्राप्त नगरी उत्खनन् वा निकासी गर्न पाइने छैन।

परिच्छेद ४

## वातावरणीय अध्ययन तथा स्वीकृति

### १५. वातावरणीय अध्ययन तथा स्वीकृति अनिवार्य हुने

(१) नदीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन, भण्डारण, बिक्री, ढुवानी वा व्यवस्थापन गर्दा प्रचलित वातावरणीय कानून बमोजिम वातावरणीय अध्ययन आवश्यक पर्ने भएमा सम्बन्धित वातावरणीय अध्ययन सम्पन्न गरी सक्षम निकायबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कार्य प्रारम्भ गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययनको प्रकार निर्धारण गर्दा प्रचलित संघीय तथा प्रदेश कानूनमा तोकिएको आयोजना/कार्यको प्रकृति, क्षेत्रफल, परिमाण, स्थान, संवेदनशीलता तथा अन्य निर्धारित मापदण्डका आधारमा निर्धारण गर्नुपर्नेछ।

(३) वातावरणीय अध्ययन आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रचलित कानूनले तोकेको अन्य वातावरणीय अध्ययन/स्वीकृति आवश्यक भएमा सोहीबमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।

(४) वातावरणीय अध्ययन तथा स्वीकृति प्राप्त गर्नुपर्ने कार्यमा सम्बन्धित वातावरणीय अध्ययन तथा प्रतिवेदन स्वीकृत नभएसम्म गाउँपालिकाले उत्खनन्, बिक्री, लिलाम, सम्झौता, निकासी वा कार्य सञ्चालनको अन्तिम अनुमति प्रदान गर्ने छैन, प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक।

(५) वातावरणीय अध्ययन सम्पन्न भएको मात्र आधारमा नदीजन्य पदार्थ उत्खनन् गर्न स्वतः अधिकार प्राप्त भएको मानिने छैन। उत्खनन् गर्न प्रचलित कानूनबमोजिम आवश्यक अन्य प्राविधिक, प्रशासनिक, राजस्व तथा सम्बन्धित निकायको स्वीकृति/अनुमति समेत प्राप्त गर्नुपर्नेछ।

### १६. वातावरणीय अध्ययनको आधारमा कार्य सञ्चालन गर्नुपर्ने

(१) नदीजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखितः-

(क) उत्खनन् क्षेत्र,

(ख) क्षेत्रफल,

(ग) उत्खनन् परिमाण,

(घ) उत्खनन् गहिराइ,

(ङ) उत्खनन् विधि,

(च) समयावधि,

(छ) प्रयोग गर्न सकिने उपकरण तथा मेसिन,

(ज) नदीको बहाव तथा तटीय संरक्षणसम्बन्धी व्यवस्था,

(झ) वातावरणीय व्यवस्थापनका उपाय,

(ञ) पुनर्स्थापना तथा क्षति न्यूनीकरणका उपाय,

(ट) अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था

अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(२) वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको क्षेत्र, परिमाण, गहिराइ, विधि वा अन्य शर्तभन्दा बाहिर गई उत्खनन्, संकलन, प्रशोधन वा ढुवानी गर्न पाइने छैन।

(३) स्वीकृत वातावरणीय अध्ययनमा उल्लेख भएको भन्दा फरक प्रकृतिको कार्य गर्नुपर्ने भएमा प्रचलित कानूनबमोजिम आवश्यक संशोधन, पुनःस्वीकृति वा थप वातावरणीय अध्ययन गर्नुपर्नेछ।

## १७. वातावरणीय स्वीकृतिको अवधि तथा वैधता

(१) वातावरणीय स्वीकृतिको अवधि प्रचलित कानून तथा सम्बन्धित स्वीकृतिपत्रमा उल्लेख भएबमोजिम हुनेछ।

(२) वातावरणीय स्वीकृति समाप्त भएको, नवीकरण आवश्यक भएको वा स्वीकृत शर्तको विपरीत अवस्था सिर्जना भएको अवस्थामा आवश्यक कानूनी प्रक्रिया पूरा नगरी उत्खनन् तथा व्यवस्थापन कार्य सञ्चालन गर्न पाइने छैन।

(३) कुनै स्रोतको भौगोलिक, वातावरणीय वा प्राकृतिक अवस्था उल्लेखनीय रूपमा परिवर्तन भएमा पूर्व स्वीकृत वातावरणीय अध्ययन मात्रको आधारमा उत्खनन् जारी राख्न पाइने छैन र आवश्यकता अनुसार पुनःमूल्याङ्कन वा सम्बन्धित निकायबाट आवश्यक स्वीकृति प्राप्त गर्नुपर्नेछ।

## १८. वातावरणीय स्वीकृतिमा तोकिएको परिमाणको पालना

(१) वातावरणीय अध्ययन तथा स्वीकृतिमा तोकिएको नदीजन्य पदार्थको परिमाणलाई सम्बन्धित स्रोतको अधिकतम वातावरणीय रूपमा स्वीकार्य परिमाण मानिनेछ, प्रचलित कानून वा सक्षम निकायले कम परिमाण तोकेको अवस्थामा सोही कम परिमाण लागू हुनेछ।

(२) प्राविधिक सर्वेक्षणबाट निर्धारित परिमाण र वातावरणीय स्वीकृतिबाट निर्धारित परिमाण फरक भएमा प्रचलित कानूनबमोजिम कम तथा सुरक्षित परिमाणलाई आधार बनाई आवश्यक निर्णय गर्नुपर्नेछ।

(३) वातावरणीय स्वीकृत परिमाणभन्दा बढी उत्खनन्, संकलन वा निकासी गर्न पाइने छैन।

## १९. संवेदनशील क्षेत्रमा विशेष व्यवस्था

(१) देहायका क्षेत्रलाई नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनका दृष्टिले **वातावरणीय तथा संरचनागत संवेदनशील क्षेत्र** मानिनेछः-

(क) राष्ट्रिय निकुञ्ज;

(ख) राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र;

(ग) संरक्षित क्षेत्र;

(घ) वन तथा सामुदायिक वन क्षेत्र;

(ङ) नदी तथा जलाधार संरक्षणका दृष्टिले संवेदनशील क्षेत्र;

(च) नदी तटबन्ध तथा नदी नियन्त्रण संरचना आसपासको क्षेत्र;

(छ) पुल, कल्भर्ट तथा अन्य महत्वपूर्ण पूर्वाधार आसपासको क्षेत्र;

(ज) खानेपानीको मुहान तथा खानेपानी संरचना;

(झ) सिंचाइ आयोजना तथा नहर;

(ञ) कृषि तथा उर्वर भूमि;

(ट) बस्ती, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक भवन आसपासको क्षेत्र;

(ठ) जैविक विविधता वा वन्यजन्तुको दृष्टिले संवेदनशील क्षेत्र;

(ड) प्रचलित कानून वा सम्बन्धित सक्षम निकायले संवेदनशील भनी तोकेको अन्य क्षेत्र।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन्, संकलन, प्रशोधन, भण्डारण वा ढुवानी गर्दा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको पूर्वस्वीकृति, सहमति, अनुमति वा समन्वय आवश्यक पर्ने भएमा त्यस्तो स्वीकृति, सहमति, अनुमति वा समन्वय प्राप्त नगरी गाउँपालिकाले उत्खनन् वा अन्य सम्बन्धित कार्य सञ्चालनको अनुमति प्रदान गर्न सक्ने छैन।

## २०. सार्वजनिक संरचना संरक्षणसम्बन्धी विशेष व्यवस्था

(१) पुल, कल्भर्ट, तटबन्ध, सडक, सिंचाइ नहर, खानेपानी संरचना वा अन्य सार्वजनिक पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न सक्ने क्षेत्रमा उत्खनन् प्रस्ताव गर्दा सम्बन्धित प्राविधिक शाखाले संरचनाको सुरक्षालाई प्राथमिक आधार बनाउनुपर्नेछ।

(२) त्यस्तो क्षेत्रमा उत्खनन् गर्नुअघि आवश्यक सुरक्षा दूरी, गहिराइ, दिशा तथा उत्खनन् विधि प्राविधिक प्रतिवेदनमा स्पष्ट गर्नुपर्नेछ।

(३) उत्खनन् गर्दा सार्वजनिक संरचनाको जग, आधार, सुरक्षात्मक संरचना वा नदी नियन्त्रण प्रणालीमा प्रत्यक्ष वा अप्रत्यक्ष क्षति पुग्ने गरी कार्य गर्न पाइने छैन।

(४) सार्वजनिक संरचनाको सुरक्षामा तत्काल जोखिम देखिएमा गाउँपालिकाले उत्खनन् कार्य रोक्न वा सीमित गर्न सक्नेछ।

## २१. वातावरणीय शर्त उल्लङ्घन भएमा कारबाही

(१) वातावरणीय अध्ययन तथा स्वीकृतिमा उल्लेखित शर्त उल्लङ्घन भएको पाइएमा गाउँपालिकाले सम्बन्धित पक्षलाई कारण खुलाएर सुधारात्मक कार्य गर्न निर्देशन दिन सक्नेछ।

(२) गम्भीर वा निरन्तर उल्लङ्घन भएको अवस्थामा प्रचलित कानून तथा सम्झौताबमोजिमः-

(क) कार्य रोक्का वा स्थगन,

(ख) निकासी रोक्का,

(ग) अनुमति/सम्झौताको पुनरावलोकन,

(घ) धरौटी/जमानत सम्बन्धी कारबाही,

(ङ) क्षति न्यूनीकरण तथा पुनर्स्थापना,

(च) क्षतिपूर्ति असुल,

(छ) सम्बन्धित सक्षम निकायमा कारबाहीका लागि लेखी पठाउने

कार्य गर्न सकिनेछ।

(३) यस दफाबमोजिमको कारबाही गर्दा सम्बन्धित संघीय, प्रदेश वा अन्य सक्षम निकायको अधिकारक्षेत्रमा पर्ने विषयमा प्रचलित कानूनबमोजिम आवश्यक समन्वय तथा सिफारिस गर्नुपर्नेछ।

## २२. सम्बन्धित निकायसँग समन्वय

(१) नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनको क्रममा आवश्यकतानुसार देहायका निकायसँग समन्वय गर्न सकिनेछः-

(क) जिल्ला प्रशासन कार्यालय;

(ख) जिल्ला समन्वय समिति;

(ग) डिभिजन वन कार्यालय;

(घ) राष्ट्रिय निकुञ्ज कार्यालय;

(ङ) मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति;

(च) जलस्रोत/सिंचाइसम्बन्धी कार्यालय;

(छ) प्रहरी प्रशासन;

(ज) सम्बन्धित अन्य सरकारी निकाय।

(२) समन्वय गर्दा सम्बन्धित निकायको कानूनी अधिकारक्षेत्रलाई सम्मान गर्दै आवश्यक स्वीकृति, सहमति, प्राविधिक राय, सुरक्षा सहयोग वा अन्य आवश्यक सहजीकरण प्राप्त गर्नुपर्नेछ।

(३) सम्बन्धित निकायको स्वीकृति वा अनुमति आवश्यक पर्ने विषयमा केवल गाउँपालिकाको स्वीकृति वा सम्झौताका आधारमा त्यस्तो कार्य वैध भएको मानिने छैन।

परिच्छेद–५

# उत्खनन्, संकलन तथा निकासी

## २३. उत्खनन् गर्न पाउने अवस्था

(१) गाउँपालिकाको अधिकार क्षेत्रभित्र नदीजन्य पदार्थको उत्खनन्, संकलन वा उठान गर्न देहायका पूर्वशर्तहरू पूरा भएको हुनुपर्नेछः-

(क) सम्बन्धित स्रोतको स्वीकृत तथा अद्यावधिक प्राविधिक सर्वेक्षण तथा प्रतिवेदन भएको;

(ख) प्रचलित कानूनबमोजिम आवश्यक वातावरणीय अध्ययन सम्पन्न भई सम्बन्धित सक्षम निकायबाट स्वीकृति प्राप्त भएको;

(ग) उत्खनन् गर्न पाउने क्षेत्र स्पष्ट रूपमा निर्धारण तथा सीमाङ्कन भएको;

(घ) उत्खनन् गर्न पाउने कुल तथा अवधि/चरणगत परिमाण स्पष्ट रूपमा निर्धारण भएको;

(ङ) उत्खनन् गर्ने अधिकतम गहिराइ तथा विधि निर्धारण भएको;

(च) उत्खनन् गर्न पाउने अवधि स्पष्ट रूपमा तोकिएको;

(छ) प्रचलित कानूनबमोजिम लाग्ने कर, शुल्क, दस्तुर, रोयल्टी वा अन्य राजस्व दायित्व निर्धारण भएको र आवश्यकतानुसार दाखिला भएको;

(ज) आवश्यक बोलपत्र, लिलाम, बिक्री, सम्झौता वा अनुमति सम्बन्धी प्रक्रिया पूरा भएको;

(झ) राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, वन, सामुदायिक वन, जलस्रोत, सिंचाइ, तटबन्ध वा अन्य संवेदनशील क्षेत्रसँग सम्बन्धित आवश्यक स्वीकृति, सहमति वा समन्वय भएको;

(ञ) उत्खनन् तथा निकासीका लागि आवश्यक अन्य कानूनी तथा प्रशासनिक प्रक्रिया पूरा भएको।

(२) उपदफा (१) बमोजिमका आवश्यक पूर्वशर्तमध्ये कुनै एक पूरा नभएको अवस्थामा सम्बन्धित स्रोतबाट उत्खनन्, संकलन वा उठान कार्य प्रारम्भ गर्न पाइने छैन।

(३) कुनै व्यक्ति, फर्म, कम्पनी वा ठेकेदारले सम्झौता प्राप्त गरेको मात्र आधारमा उत्खनन् गर्न पाउने छैन। सम्झौताको अतिरिक्त प्रचलित कानून तथा यस कार्यविधिबमोजिम आवश्यक सबै पूर्वशर्त पूरा भएको हुनुपर्नेछ।

(४) उत्खनन् कार्य प्रारम्भ गर्नुअघि सम्बन्धित शाखाले आवश्यक कागजात तथा स्वीकृतिको परीक्षण गरी **"उत्खनन् सञ्चालनका लागि पूर्वशर्त पूरा भएको"** व्यहोरा अभिलेखमा प्रमाणित गर्न सक्नेछ।

(५) वातावरणीय स्वीकृति, प्राविधिक प्रतिवेदन वा सम्बन्धित सक्षम निकायको स्वीकृतिमा फरक–फरक परिमाण, क्षेत्र, अवधि वा शर्त तोकिएको भए प्रचलित कानूनबमोजिम लागू हुने **कम तथा सुरक्षित सीमा** भन्दा बाहिर उत्खनन् गर्न पाइने छैन।

## २४. उत्खनन् क्षेत्रको सीमाङ्कन तथा नियन्त्रण

(१) उत्खनन् गर्न पाउने क्षेत्र प्राविधिक प्रतिवेदनमा उल्लेखित नक्सा, GPS Coordinates, चार किल्ला वा अन्य प्राविधिक आधारबाट स्पष्ट रूपमा निर्धारण गर्नुपर्नेछ।

(२) आवश्यकतानुसार उत्खनन् क्षेत्रको स्थलगत सीमाङ्कन गरी संकेत/सूचना बोर्ड राख्न सकिनेछ।

(३) उत्खनन् क्षेत्रभन्दा बाहिरको नदी क्षेत्र, नदी किनार, निजी जग्गा, कृषि भूमि, वन क्षेत्र, सार्वजनिक जग्गा वा अन्य क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन।

(४) स्वीकृत उत्खनन् क्षेत्रको सीमाना परिवर्तन गर्न आवश्यक भएमा प्रचलित कानूनबमोजिम पुनःप्राविधिक परीक्षण तथा आवश्यक स्वीकृति प्राप्त गर्नुपर्नेछ।

(५) सीमाङ्कन गरिएको क्षेत्रभन्दा बाहिर मेसिन प्रवेश गराई उत्खनन् वा नदीजन्य पदार्थ उठान गरेको पाइएमा त्यस्तो कार्यलाई अनधिकृत उत्खनन् मानी आवश्यक कानुनी कारबाही गरिनेछ।

## २५. उत्खनन् विधि तथा उपकरणको प्रयोग

(१) नदीजन्य पदार्थ उत्खनन् गर्दा स्वीकृत प्राविधिक प्रतिवेदन तथा वातावरणीय अध्ययनमा तोकिएको विधि अवलम्बन गर्नुपर्नेछ।

(२) उत्खनन् गर्दा प्रयोग हुने एक्स्काभेटर, लोडर, डोजर वा अन्य मेसिन तथा उपकरणको प्रयोग प्राविधिक रूपमा स्वीकृत क्षेत्र, गहिराइ तथा विधिभित्र सीमित हुनुपर्नेछ।

## २६. उत्खनन् तथा संकलनमा निषेध

(१) देहायका अवस्थामा नदीजन्य पदार्थ उत्खनन्, संकलन, उठान वा निकासी गर्न निषेध गरिनेछः-

(क) प्रचलित कानूनबमोजिम आवश्यक वातावरणीय अध्ययन वा स्वीकृति प्राप्त नभएको अवस्थामा;

(ख) स्वीकृत वातावरणीय अध्ययनमा उत्खनन् निषेध गरिएको क्षेत्रमा;

(ग) प्राविधिक प्रतिवेदनबाट उत्खनन् गर्न अनुपयुक्त वा जोखिमयुक्त भनी तोकिएको क्षेत्रमा;

(घ) गाउँपालिकाले उत्खनन् गर्न निषेध गरेको क्षेत्रमा;

(ङ) राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, वन, सामुदायिक वन, संरक्षित क्षेत्र वा अन्य संवेदनशील क्षेत्रमा सम्बन्धित सक्षम निकायको आवश्यक स्वीकृति/सहमति प्राप्त नभएको अवस्थामा;

(च) पुल, कल्भर्ट, तटबन्ध, सडक, सिंचाइ, खानेपानी वा अन्य सार्वजनिक संरचनामा क्षति वा जोखिम पुग्ने अवस्थामा;

(छ) नदीको प्राकृतिक बहाव परिवर्तन हुने वा नदीको धार मोडिन सक्ने अवस्थामा;

(ज) नदी कटान, तटीय क्षति वा बाढीको जोखिम बढ्ने अवस्थामा;

(झ) बस्ती, कृषि भूमि वा सार्वजनिक सम्पत्तिमा प्रतिकूल असर पर्ने अवस्थामा;

(ञ) स्वीकृत क्षेत्रभन्दा बाहिर;

(ट) स्वीकृत परिमाणभन्दा बढी;

(ठ) स्वीकृत गहिराइभन्दा तल;

(ड) स्वीकृत अवधि समाप्त भएपछि;

(ढ) स्वीकृत वातावरणीय व्यवस्थापन योजना वा प्राविधिक शर्तको गम्भीर उल्लङ्घन भएको अवस्थामा;

(ण) अत्यधिक वर्षा, बाढी, पहिरो वा अन्य प्राकृतिक विपद्को कारण उत्खनन् गर्दा जनधन वा संरचनामा जोखिम उत्पन्न हुने अवस्थामा;

(त) नदीमा जलचर, जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने देखिएको अवस्थामा;

(थ) सम्बन्धित सक्षम निकायबाट कानूनबमोजिम उत्खनन् रोक्का वा निषेध गरिएको अवस्थामा;

(द) गाउँपालिकासँग आवश्यक अनुमति, सम्झौता वा कानूनी आधार नभएको अवस्थामा;

(ध) अन्य प्रचलित कानूनले निषेध गरेको अवस्थामा।

(२) उपदफा (१) बमोजिमको निषेधित अवस्थामध्ये कुनै अवस्था उत्खनन् सञ्चालनको क्रममा उत्पन्न भएमा पहिले स्वीकृति प्राप्त भएको भए तापनि गाउँपालिकाले सम्बन्धित स्रोतमा उत्खनन् कार्य अस्थायी रूपमा रोक्न वा स्थगित गर्न सक्नेछ।

(३) उत्खनन् रोक्का वा स्थगित गरिएको अवस्थामा कारण, अवस्था तथा आवश्यक सुधारात्मक उपायको विवरण सहित सम्बन्धित पक्षलाई जानकारी गराउनुपर्नेछ।

(४) उत्खनन् पुनः सञ्चालन गर्न आवश्यक भएमा रोक्का हुनुको कारण हटेको, जोखिम न्यूनीकरण भएको तथा प्रचलित कानूनबमोजिम आवश्यक शर्त पूरा भएको प्रमाणित भएपछि मात्र पुनः सञ्चालन गर्न सकिनेछ।

### २७. बाढी, वर्षा तथा प्राकृतिक विपद्को समयमा विशेष व्यवस्था

(१) अत्यधिक वर्षा, बाढी, डुबान, नदीको बहावमा तीव्र वृद्धि वा अन्य प्राकृतिक विपद्को अवस्थामा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य स्थगित गर्न सकिनेछ।

(२) यस्तो अवस्थामा जनधन, सार्वजनिक संरचना तथा वातावरणको सुरक्षालाई प्राथमिकता दिई उत्खनन् क्षेत्रको स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गर्न सकिनेछ।

(३) विपद्को अवस्था समाप्त भएको मात्र आधारमा उत्खनन् स्वतः सञ्चालन भएको मानिने छैन। आवश्यक प्राविधिक मूल्याङ्कन तथा सम्बन्धित अधिकारीको निर्णयपछि मात्र कार्य सञ्चालन गर्न सकिनेछ।

(४) विपद् व्यवस्थापन वा सार्वजनिक सुरक्षा प्रयोजनका लागि नदीजन्य पदार्थ हटाउन आवश्यक भएमा प्रचलित विपद् व्यवस्थापनसम्बन्धी कानून तथा सक्षम निकायको निर्देशनबमोजिम छुट्टै व्यवस्था गर्न सकिनेछ।

## २८. अनधिकृत उत्खनन् तथा संकलन

(१) यस कार्यविधि, प्रचलित कानून, स्वीकृत प्राविधिक प्रतिवेदन, वातावरणीय स्वीकृति, सम्झौता वा अनुमति विपरीत नदीजन्य पदार्थ उत्खनन्, संकलन, उठान वा निकासी गरेको कार्यलाई **अनधिकृत उत्खनन्** मानिनेछ।

(२) अनधिकृत उत्खनन् भएको पाइएमा गाउँपालिकाले प्रचलित कानूनबमोजिम तत्काल कार्य रोक्न, उत्खनन् तथा निकासीमा प्रयोग भएको साधन नियन्त्रणका लागि सम्बन्धित निकायमा लेखी पठाउन, राजस्व/दस्तुर तथा क्षतिपूर्ति असुल गर्न र आवश्यक कानूनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन सक्नेछ।

(३) अनधिकृत उत्खनन् भएको परिमाण निर्धारण गर्न गाउँपालिकाले प्राविधिक नापजाँच वा उपलब्ध प्रमाणका आधारमा परिमाण यकिन गर्न सक्नेछ।

(४) अनधिकृत उत्खनन् तथा संकलनसम्बन्धी कारबाही गर्दा गाउँपालिकाको आर्थिक ऐन, प्रचलित संघीय तथा प्रदेश कानूनब मोजिमको दण्ड, जरिवाना, क्षतिपूर्ति, राजस्व तथा अन्य दायित्व अलग-अलग रूपमा कायम रहनेछन् ।

## २९. संकलन तथा उठानमा विशेष नियन्त्रण

(१) नदीजन्य पदार्थ संकलन वा उठान गर्दा स्वीकृत उत्खनन् क्षेत्र तथा परिमाणको सीमा नाघ्न पाइने छैन।

(२) नदीको किनार, सार्वजनिक जग्गा वा नदी उकास क्षेत्रमा स्वतः उपलब्ध देखिएको नदीजन्य पदार्थसमेत प्रचलित कानून तथा गाउँपालिकाको स्वीकृत प्रक्रिया पूरा नगरी बिक्री, उठान वा निकासी गर्न पाइने छैन।

(३) प्राकृतिक रूपमा नदी किनारमा थुप्रिएको वा बाढीबाट स्थानान्तरण भएको नदीजन्य पदार्थको हकमा समेत स्रोत, परिमाण, वातावरणीय अवस्था तथा कानूनी अधिकारक्षेत्र स्पष्ट गरी मात्र व्यवस्थापन गर्नुपर्नेछ ।

(४) संकलन तथा उठानका क्रममा स्वीकृत स्रोतबाहेक अन्य स्थानबाट नदीजन्य पदार्थ मिसाइएको वा ल्याइएको पाइएमा त्यस्तो पदार्थको स्रोत प्रमाणित नभएसम्म त्यसलाई स्वीकृत नदीजन्य पदार्थका रूपमा स्वीकार गर्न पाइने छैन।

## ३०. नदीजन्य पदार्थको निकासी सम्बन्धी व्यवस्था

(१) स्वीकृत उत्खनन् तथा संकलन क्षेत्र, क्रसर उद्योग, घाटगद्दी/स्टक स्थल, निर्माण आयोजना वा अन्य स्वीकृत स्थानमा रहेको प्रमाणित नदीजन्य पदार्थ निकासी गर्दा स्वीकृत परिमाण, प्रमाणित स्टक, स्वीकृत प्रयोजन, निकासी अवधि तथा प्रचलित कानून बमोजिमका आवश्यक प्रक्रिया पूरा भएको हुनुपर्नेछ।

(२) क्रसर उद्योग वा अन्य स्वीकृत स्टक स्थलबाट नदीजन्य पदार्थ तथा सोबाट प्रशोधित सामग्रीको निकासी सम्बन्धित स्रोत, प्रमाणित मौज्दात, स्वीकृत प्रयोजन तथा तोकिएको निकासी अवधिभित्र मात्र गर्न पाइनेछ। अवधि समाप्त भएपछि निकासी गर्न पाइने छैन।

(३) निकासीका लागि स्रोत तथा स्टकको प्रमाण, राजस्व दाखिला, सम्झौता/अनुमति तथा निकासी पास, चलानी वा विद्युतीय प्रमाण कायम भएको हुनुपर्नेछ। गाउँपालिकाले VCTS, Online bill तथा अन्य विद्युतीय प्रणालीमार्फत निकासी तथा ढुवानीको निगरानी गर्नेछ।

(४) स्वीकृत परिमाण, प्रमाणित स्टक, स्रोत, क्रसर उद्योगको प्रमाणित मौज्दात, स्वीकृत प्रयोजन वा तोकिएको निकासी अवधिभन्दा बाहिर नदीजन्य पदार्थ वा सोबाट प्रशोधित सामग्री निकासी गर्न पाइने छैन। क्रसर उद्योगको हकमा

प्राप्त/खरिद गरिएको कच्चा पदार्थ, प्रशोधनबाट उत्पादित सामग्री, मौज्दात तथा निकासी परिमाणको अभिलेख अद्यावधिक राखी आवश्यकता अनुसार मिलान गर्नुपर्नेछ।

### ३१. निकासी पास तथा ढुवानी नियन्त्रण

(१) प्रत्येक सवारी साधनबाट नदीजन्य पदार्थ निकासी गर्दा गाउँपालिकाले तोकेको ढाँचाको **निकासी पास, चलानी वा विद्युतीय निकासी प्रमाण** अनिवार्य रूपमा साथमा हुनुपर्नेछ।

(२) निकासी पासमा स्रोत, मिति तथा समय, पदार्थको प्रकार, परिमाण, सवारी साधन नम्बर, प्रयोजन तथा गन्तव्य स्पष्ट उल्लेख हुनुपर्नेछ।

(३) निकासी पास जारी भएको मिति तथा तोकिएको वैध अवधिभित्र मात्र प्रयोग गर्न सकिनेछ।

(४) एक सवारी साधनका लागि जारी भएको निकासी पास अर्को सवारी साधनमा प्रयोग गर्न तथा पासमा उल्लिखित परिमाणभन्दा बढी वा तोकिएको समयपछि नदीजन्य पदार्थ ढुवानी गर्न पाइने छैन।

(५) म्याद समाप्त भएको, केरमेट गरिएको, नक्कली वा तथ्यसँग मेल नखाने निकासी पासलाई वैध मानिने छैन।

### ३२. निकासीको प्रयोजन, गन्तव्य तथा समय नियन्त्रण

(१) नदीजन्य पदार्थको स्रोत, घाटगद्दी/स्टक स्थल, क्रसर उद्योग वा अन्य स्वीकृत स्थानबाट निकासी गर्दा स्वीकृत प्रयोजन, आयोजना वा कार्यस्थल, गन्तव्य तथा निकासीको अवधि स्पष्ट खुलाउनुपर्नेछ। नदीजन्य पदार्थको लोडिङ, निकासी तथा ढुवानी कार्य प्रत्येक दिन सूर्योदयदेखि सूर्यास्तसम्मको समयमा मात्र गर्न पाइनेछ।

(२) क्रसर उद्योग लगायतका व्यक्ति, फर्म, कम्पनी वा अन्य स्वीकृत निकायले नदीजन्य पदार्थ वा सोबाट प्रशोधित सामग्री निकासी गर्दा स्वीकृत स्रोत, प्रमाणित मौज्दात, स्वीकृत प्रयोजन, गन्तव्य तथा तोकिएको निकासी अवधिभित्र मात्र निकासी गर्नुपर्नेछ।

(३) आयोजना वा प्रयोजन विशेषका लागि स्वीकृत नदीजन्य पदार्थ तथा क्रसर उद्योगबाट उत्पादित प्रशोधित सामग्री स्वीकृत अवधि, स्वीकृत प्रयोजन, तोकिएको गन्तव्य तथा निर्धारित समयभित्र मात्र प्रयोग, बिक्री तथा निकासी गर्नुपर्नेछ। सूर्यास्तपछि सूर्योदयअघिसम्म तथा स्वीकृत निकासी अवधि समाप्त भएपछि नदीजन्य पदार्थ वा प्रशोधित सामग्रीको लोडिङ, निकासी वा ढुवानी गर्न पाइने छैन।

(४) यस दफामा तोकिएको समय, अवधि वा स्वीकृत निकासी समयभन्दा अन्य समयमा नदीजन्य पदार्थ वा सोबाट प्रशोधित सामग्रीको लोडिङ, निकासी, ढुवानी, बिक्री वा हस्तान्तरण गरेको पाइएमा त्यस्तो कार्यलाई अनधिकृत तथा अवैध कार्य मानी गाउँपालिकाको प्रचलित आर्थिक ऐन तथा अन्य प्रचलित कानूनबमोजिम जरिवाना, राजस्व, शुल्क, क्षतिपूर्ति तथा अन्य दायित्व असुल गरिनेछ। साथै, त्यस्तो निकासी तथा ढुवानीमा प्रयोग भएको सवारी साधन, उपकरण तथा नदीजन्य पदार्थ नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम थप कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन सकिनेछ।

## परिच्छेद–६

## आन्तरिक उपयोग तथा सार्वजनिक प्रयोजन

### ३३. आन्तरिक उपयोग गर्न सकिने

(१) गाउँपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नदीजन्य पदार्थ गाउँपालिकाले **आन्तरिक प्रयोजनका लागि** उपयोग गर्न सक्नेछ ।

(२) गाउँपालिका, वडा कार्यालय वा प्रचलित कानून बमोजिम सार्वजनिक प्रयोजनका लागि स्थापित तथा सञ्चालनमा रहेका सार्वजनिक निकाय/संस्थाबाट कार्यान्वयन हुने स्वीकृत सार्वजनिक पूर्वाधार निर्माण, मर्मत, संरक्षण तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यमा आवश्यक नदीजन्य पदार्थ आन्तरिक प्रयोजनका लागि उपलब्ध गराउन सकिनेछ ।

(३) आन्तरिक प्रयोजनका लागि नदीजन्य पदार्थ उपलब्ध गराउँदा देहायका शर्त पूरा भएको हुनुपर्नेछः-

(क) सम्बन्धित योजना वा कार्यक्रम गाउँपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा समावेश भएको;

(ख) प्रयोग हुने नदीजन्य पदार्थको प्रकार तथा आवश्यक परिमाण प्राविधिक रूपमा यकिन भएको;

(ग) पदार्थको स्रोत कानूनी रूपमा स्वीकृत भएको;

(घ) सम्बन्धित स्रोतको स्वीकृत उत्खनन् परिमाणभित्रबाट मात्र पदार्थ उपलब्ध हुने अवस्था भएको;

(ङ) प्रचलित वातावरणीय कानून तथा वातावरणीय स्वीकृतिका शर्त पालना भएको;

(च) आवश्यक प्राविधिक तथा प्रशासनिक स्वीकृति प्राप्त भएको;

(छ) ढुवानी तथा प्रयोगको अभिलेख राख्ने व्यवस्था भएको ।

(४) आन्तरिक प्रयोजनका लागि उपलब्ध गराइने नदीजन्य पदार्थको परिमाण सम्बन्धित योजना/कार्यको **प्राविधिक माग, लागत अनुमान, कार्यपरिमाण तथा वास्तविक आवश्यकता** का आधारमा निर्धारण गर्नुपर्नेछ ।

(५) आन्तरिक प्रयोजनका नाममा स्वीकृत आवश्यकता भन्दा बढी नदीजन्य पदार्थ उत्खनन्, संकलन वा उठान गर्न पाइने छैन ।

### ३४. आन्तरिक उपयोगको परिमाण निर्धारण तथा स्वीकृति

(१) आन्तरिक प्रयोजनका लागि नदीजन्य पदार्थको परिमाण सम्बन्धित योजनाको स्वीकृत लागत अनुमान तथा प्राविधिक आवश्यकता अनुसार निर्धारण गरिनेछ ।

(२) स्वीकृत परिमाणभन्दा बढी नदीजन्य पदार्थ आवश्यक भएमा थप परिमाणको प्राविधिक औचित्य पुष्टि गरी सक्षम अधिकारीबाट स्वीकृति लिनुपर्नेछ ।

(३) थप परिमाण स्वीकृत भएको मात्र आधारमा स्रोतको स्वीकृत उत्खनन् परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

(४) आन्तरिक उपयोगका लागि स्वीकृत गरिएको परिमाणको स्रोत, योजना तथा प्रयोगस्थल स्पष्ट रूपमा अभिलेखमा उल्लेख गर्नुपर्नेछ ।

### ३५. आन्तरिक प्रयोजनका लागि उपलब्ध गराउने प्रक्रिया

(१) आन्तरिक प्रयोजनका लागि नदीजन्य पदार्थ आवश्यक पर्ने सम्बन्धित वडा कार्यालयले प्राविधिक लागत अनुमान सहित गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ।

(२) सिफारिस प्राप्त भएपछि सम्बन्धित प्राविधिक शाखाले स्वीकृत योजना तथा कार्य परिमाणका आधारमा आवश्यक नदीजन्य पदार्थको प्रकार र परिमाण यकिन गर्नेछ।

(३) यकिन भएको परिमाणका आधारमा गाउँपालिकाको मूल्याङ्कन समितिले आन्तरिक उपयोगका लागि आवश्यक नदीजन्य पदार्थको परिमाण, प्रयोजन तथा आवश्यकतासम्बन्धी विवरण परीक्षण गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नुपर्नेछ।

(४) स्वीकृति प्राप्त भएपछि मात्र तोकिएको स्रोतबाट नदीजन्य पदार्थ उठान तथा ढुवानीका लागि गाउँपालिकाले अनुमति प्रदान गर्न सक्नेछ।

### ३६. आन्तरिक प्रयोजनको पदार्थको व्यावसायिक बिक्री निषेध

(१) आन्तरिक प्रयोजनका लागि स्वीकृत तथा उपलब्ध गराइएको नदीजन्य पदार्थ कुनै पनि व्यक्ति, फर्म, कम्पनी, ठेकेदार, उपभोक्ता समिति वा अन्य पक्षले व्यावसायिक रूपमा बिक्री, पुनःबिक्री, हस्तान्तरण, सट्टापट्टा वा अन्यत्र निकासी गर्न पाउने छैन।

(२) आन्तरिक प्रयोजनका लागि स्वीकृत नदीजन्य पदार्थलाई अनुमति प्राप्त योजनाबाहेक अन्य योजना, निजी निर्माण, व्यावसायिक प्रयोजन वा अन्यत्र प्रयोग गर्न पाइने छैन।

(३) आन्तरिक प्रयोजनको नाममा प्राप्त नदीजन्य पदार्थको कुनै भाग बिक्री वा अन्यत्र निकासी गरेको पाइएमा त्यस्तो कार्यलाई स्वीकृत प्रयोजनको दुरुपयोग तथा अनधिकृत व्यवस्थापन मानी प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

(४) उपदफा (१) बमोजिमको पदार्थ बिक्री वा अन्यत्र निकासीमा संलग्न भएको पाइएमा गाउँपालिकाले उपलब्ध गराएको परिमाणको विवरण यकिन गरी प्रचलित कानूनबमोजिम लाग्ने राजस्व, दस्तुर, जरिवाना, क्षतिपूर्ति तथा अन्य दायित्व सम्बन्धित पक्षबाट असुल गर्न सक्नेछ।

### ३७. आन्तरिक उपयोगमा दुरुपयोग भएमा कारबाही

(१) आन्तरिक प्रयोजनका लागि उपलब्ध गराइएको नदीजन्य पदार्थ स्वीकृत प्रयोजन भन्दा अन्यत्र प्रयोग, बिक्री, हस्तान्तरण वा निकासी गरेको पाइएमा गाउँपालिकाले तत्काल त्यस्तो कार्य रोक्न सक्नेछ।

(२) दुरुपयोग भएको परिमाण प्राविधिक नापजाँच वा उपलब्ध प्रमाणका आधारमा यकिन गरिनेछ।

(३) दुरुपयोग भएको नदीजन्य पदार्थको सम्बन्धमा प्रचलित कानूनबमोजिम लाग्ने राजस्व, शुल्क, दस्तुर, जरिवाना, क्षतिपूर्ति तथा अन्य दायित्व सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गर्न सकिनेछ।

(४) दुरुपयोग सम्झौता, अनुमति वा स्वीकृत कार्यसँग सम्बन्धित भएमा सम्झौता/अनुमतिका शर्तबमोजिम थप कारबाही गर्न सकिनेछ।

(५) सरकारी वा सार्वजनिक सम्पत्तिको दुरुपयोग भएको अवस्थामा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाउन सकिनेछ।

## ३८. विपद् तथा आकस्मिक सार्वजनिक प्रयोजनमा विशेष व्यवस्था

(१) बाढी, पहिरो, नदी कटान, डुबान, तटबन्ध भत्किएको, सडक अवरुद्ध भएको वा अन्य विपद्का कारण तत्काल नदीजन्य पदार्थ आवश्यक पर्ने अवस्थामा सार्वजनिक सुरक्षा तथा विपद् व्यवस्थापनका लागि आवश्यक नदीजन्य पदार्थ उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा नियमित प्रक्रियाबाट तत्काल कार्य गर्न सम्भव नभएमा प्रचलित विपद् व्यवस्थापनसम्बन्धी कानून तथा अधिकारप्राप्त अधिकारीको निर्णयबमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ।

(३) आकस्मिक रूपमा उपलब्ध गराइएको नदीजन्य पदार्थको स्रोत, परिमाण, प्रयोगस्थल, ढुवानी सवारी, मिति, समय तथा प्रयोगको प्रयोजनको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ।

(४) आकस्मिक प्रयोजन समाप्त भएपछि प्रयोग भएको वास्तविक परिमाणको प्राविधिक प्रमाणीकरण गरी अभिलेख अद्यावधिक गर्नुपर्नेछ।

## ३९ विपद्जन्य तथा जीर्ण/क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माण तथा मर्मतमा विशेष व्यवस्था

(१) यस गाउँपालिकाभित्र बाढी, पहिरो, डुबान, नदी कटान, भू–क्षय, आगलागी, हावाहुरी, भूकम्प वा अन्य विपद्का कारण क्षतिग्रस्त भएका तथा लामो समयदेखि जीर्ण, भत्केका, बिग्रेका वा मर्मत तथा पुनर्स्थापना आवश्यक भएका सार्वजनिक सडक, ग्रामीण सडक, कृषि सडक, पुल, कल्भर्ट, तटबन्ध, नाला, सिंचाइ संरचना, खानेपानी संरचना, सार्वजनिक भवन तथा अन्य सार्वजनिक पूर्वाधार को निर्माण, पुनर्निर्माण, मर्मत, सुधार, संरक्षण वा पुनर्स्थापनाका लागि आवश्यक नदीजन्य पदार्थ मूल्याङ्कन समितिको स्थलगत तथा प्राविधिक परीक्षणबाट यकिन भएको परिमाणका आधारमा समितिको निर्णय/सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा निःशुल्क उपलब्ध गराउन सकिनेछ। त्यस्तो निर्णयलाई यथाशीघ्र गाउँ कार्यपालिकाको बैठकमा जानकारी तथा अनुमोदनका लागि पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ निःशुल्क उपलब्ध गराउँदा सम्बन्धित सार्वजनिक संरचनाको अवस्था, क्षतिको प्रकृति, कार्यको आवश्यकता तथा आवश्यक नदीजन्य पदार्थको परिमाण सम्बन्धित प्राविधिक शाखाबाट स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गरी यकिन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम निःशुल्क उपलब्ध गराइने नदीजन्य पदार्थको प्रकार, परिमाण, स्रोत, प्रयोग हुने संरचना तथा प्रयोग स्थल वडा कार्यालयको सिफारिसमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(४) यस दफाबमोजिम निःशुल्क उपलब्ध गराइएको नदीजन्य पदार्थ सम्बन्धित सार्वजनिक संरचनाको स्वीकृत निर्माण, मर्मत, पुनर्निर्माण, पुनर्स्थापना वा संरक्षण कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ।

(५) निःशुल्क उपलब्ध गराइएको नदीजन्य पदार्थ कुनै व्यक्ति, फर्म, कम्पनी, निर्माण व्यवसायी, उपभोक्ता समिति वा अन्य **पक्षले** बिक्री, पुनःबिक्री, हस्तान्तरण, सट्टापट्टा, निजी निर्माणमा प्रयोग वा अन्य व्यावसायिक प्रयोजनमा प्रयोग गर्न पाउने छैन।

(६) यस दफा बमोजिम निःशुल्क उपलब्ध गराइएको नदीजन्य पदार्थ स्वीकृत प्रयोजनभन्दा अन्यत्र प्रयोग, बिक्री वा दुरुपयोग भएको पाइएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम लाग्ने राजस्व, शुल्क, दस्तुर, जरिवाना तथा क्षतिपूर्ति असुल गरी आवश्यक कानूनी कारबाही गर्न सकिनेछ।

परिच्छेद–७

## बिक्री, लिलाम तथा सम्झौता व्यवस्थापन

### ४० . नदीजन्य पदार्थ बिक्री तथा लिलाम गर्न सकिने

(१) गाउँपालिकाको स्वामित्व, अधिकार क्षेत्र वा प्रचलित कानूनबमोजिम व्यवस्थापन गर्ने अधिकार प्राप्त नदीजन्य पदार्थ तथा गाउँपालिकाको अधिकार क्षेत्रभित्र विभिन्न स्थानमा प्रचलित कानूनविपरीत अवैध रूपमा संकलन, भण्डारण वा थुपारेर राखिएको अवस्थामा फेला परेको र कानूनी प्रक्रिया पूरा गरी गाउँपालिकाको व्यवस्थापन, नियन्त्रण वा लिलाम गर्न योग्य कायम भएको नदीजन्य पदार्थ समेत प्रचलित संघीय तथा प्रदेश कानून, गाउँपालिकाको आर्थिक ऐन, स्वीकृत दररेट तथा यस कार्यविधि बमोजिम बिक्री वा लिलाम गरिनेछ ।

(२) नदीजन्य पदार्थ बिक्री वा लिलाम गर्नु अघि देहायका विषय यकिन भएको हुनुपर्नेछः-

क) स्रोत तथा उत्खनन् क्षेत्र;

ख) बिक्री गर्न उपलब्ध हुने परिमाण;

ग) न्यूनतम बिक्री दर;

घ) राजस्व तथा अन्य दायित्व;

ङ) बिक्री/लिलाम गर्ने विधि;

च) उठान तथा निकासी गर्न पाउने अवधि;

छ) सम्बन्धित अन्य कानूनी शर्त ।

(३) बिक्री वा लिलाम गरिने नदीजन्य पदार्थको परिमाण प्राविधिक रूपमा प्रमाणित तथा अभिलेखमा आधारित हुनुपर्नेछ ।

(४) बिक्री वा लिलामबाट उपलब्ध गराइने परिमाण स्वीकृत उत्खनन् परिमाण भन्दा बढी हुने छैन ।

### ४१. बिक्री तथा लिलामको निर्णय

(१) नदीजन्य पदार्थ बिक्री वा लिलाम गर्नुपूर्व सम्बन्धित प्राविधिक शाखाबाट स्रोत, स्थान, प्रकृति, उपलब्ध परिमाण, उत्खनन् वा संकलन गर्न मिल्ने परिमाण तथा बिक्री वा लिलाम योग्य परिमाण सम्बन्धी प्राविधिक प्रतिवेदन प्राप्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित शाखाले स्वामित्व वा व्यवस्थापनको कानूनी आधार, वातावरणीय स्वीकृति, स्रोतको अवस्था, राजस्व सम्बन्धी व्यवस्था, स्वीकृत दररेट तथा बिक्री वा लिलामसम्बन्धी अन्य आवश्यक कागजात परीक्षण गरी प्रस्ताव तयार गर्नुपर्नेछ।

(३) बिक्री वा लिलाम गर्न प्रस्तावित नदीजन्य पदार्थको परिमाण, न्यूनतम स्वीकृत दर, स्रोत, स्थान, प्रयोजन तथा अन्य आवश्यक विवर**ण** सम्बन्धित मूल्याङ्कन समितिबाट परीक्षण तथा यकिन गराई सोसम्बन्धी प्रतिवेदन वा सिफारिस संलग्न गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम आवश्यक प्राविधिक तथा प्रशासनिक प्रक्रिया पूरा भएपछि सम्बन्धित शाखाले सम्पूर्ण कागजात सहितको प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतसमक्ष स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून, स्वीकृत बजेट तथा कार्यक्रम, गाउँपालिकाको आर्थिक ऐन, स्वीकृत दररेट र यस कार्यविधिको अधीनमा रही बिक्री वा लिलाम प्रक्रिया सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति प्राप्त भएपछि मात्र प्रचलित कानूनबमोजिम बिक्री वा लिलामको सूचना प्रकाशन, बोलपत्र/दर प्रस्ताव आह्वान, मूल्याङ्कन, सम्झौता, राजस्व दाखिला तथा नदीजन्य पदार्थको हस्तान्तरण वा निकासीसम्बन्धी प्रक्रिया अघि बढाउनुपर्नेछ । कुनै स्रोत वा नदीजन्य पदार्थको सम्बन्धमा प्रचलित कानूनबमोजिम अन्य निकायको स्वीकृति, सहमति वा समन्वय आवश्यक पर्ने भएमा त्यस्तो प्रक्रिया पूरा नगरी बिक्री वा लिलाम गर्न पाइने छैन ।

## ४२. न्यूनतम बिक्री दर निर्धारण

(१) नदीजन्य पदार्थको बिक्री वा लिलामका लागि **न्यूनतम बिक्री दर** निर्धारण गर्दा प्रचलित संघीय तथा प्रदेश कानून, गाउँपालिकाको आर्थिक ऐन, सम्बन्धित आर्थिक वर्षका लागि स्वीकृत दररेट तथा प्रचलित सरकारी दररेटलाई आधार मान्नुपर्नेछ ।

(२) न्यूनतम बिक्री दर निर्धारण गर्दा नदीजन्य पदार्थको **प्रकार, गुणस्तर, स्रोत, स्थान, उत्खनन् वा संकलनको अवस्था, उपलब्ध परिमाण, ढुवानीको अवस्था, बजारको प्रचलित दर तथा लागू राजस्वसम्बन्धी व्यवस्था** समेतलाई आवश्यकतानुसार आधार लिन सकिनेछ।

(३) न्यूनतम बिक्री दर निर्धारण गर्ने प्रयोजनका लागि सम्बन्धित प्राविधिक शाखाबाट नदीजन्य पदार्थको स्रोत, प्रकृति, परिमाण तथा प्राविधिक अवस्था सम्बन्धी विवरण प्राप्त गरी सम्बन्धित शाखाले आवश्यक प्रस्ताव तयार गर्नुपर्नेछ ।

(४) प्रचलित कानूनबमोजिम निर्धारित न्यूनतम बिक्री दरभन्दा **कम दर कायम हुने गरी नदीजन्य पदार्थ बिक्री वा लिलाम गर्न पाइने छैन** । लिलाम प्रक्रियामा प्राप्त बोलकबोल न्यूनतम दरभन्दा कम भएमा त्यस्तो बोलकबोललाई स्वीकृत गर्न सकिने छैन ।

(५) नदीजन्य पदार्थको बिक्री वा लिलाम गर्दा निर्धारित न्यूनतम दर, स्वीकृत बिक्री/लिलाम दर, परिमाण, कुल कायम रकम, दाखिला गर्नुपर्ने राजस्व तथा राजस्व दाखिला भएको विवरण सम्बन्धित अभिलेखमा स्पष्ट रूपमा खुलाउनुपर्नेछ र सोसम्बन्धी कागजात सुरक्षित रूपमा राखी लेखापरीक्षण तथा अनुगमनका लागि उपलब्ध गराउनुपर्नेछ।

## ४३. बिक्री तथा लिलामको विधि

(१) नदीजन्य पदार्थको बिक्री तथा लिलाम गर्दा प्रचलित कानूनबमोजिमको **खुला, पारदर्शी, प्रतिस्पर्धात्मक तथा भेदभावरहित प्रक्रिया** अवलम्बन गर्नुपर्नेछ ।

(२) बिक्री वा लिलामको प्रकृति, परिमाण तथा लागू हुने कानूनका आधारमा देहायमध्ये उपयुक्त विधि अवलम्बन गर्न सकिनेछः-

(क) खुला लिलाम;

(ख) बोलपत्र;

(ग) सार्वजनिक सूचना मार्फत बिक्री;

(घ) प्रचलित कानूनले अनुमति दिएको अन्य प्रतिस्पर्धात्मक विधि।

(३) एउटै स्रोतको नदीजन्य पदार्थलाई कृत्रिम रूपमा सानो–सानो परिमाणमा विभाजन गरी प्रतिस्पर्धात्मक प्रक्रिया छल्न पाइने छैन।

(४) बिक्री/लिलामको विधि छनोट गर्दा लागू हुने प्रचलित कानून तथा सम्बन्धित आर्थिक वर्षको स्वीकृत व्यवस्था पालना गर्नुपर्नेछ।

## ४४. लिलाम सूचना प्रकाशन

(१) नदीजन्य पदार्थ लिलाम गर्नुअघि सार्वजनिक रूपमा लिलाम सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) लिलाम सूचनामा कम्तीमा देहायका विवरण उल्लेख गर्नुपर्नेछः-

(क) गाउँपालिकाको नाम तथा कार्यालय;

(ख) लिलामको विषय;

(ग) नदीजन्य पदार्थको प्रकार;

(घ) स्रोत तथा स्थान;

(ङ) लिलाम गर्नुपर्ने परिमाण;

(च) न्यूनतम दर;

(छ) न्यूनतम कुल रकम, लागू भएमा;

(ज) बोलपत्र/लिलाम फाराम प्राप्त गर्ने स्थान तथा अवधि;

(झ) बोलपत्र/लिलाम पेश गर्ने अन्तिम मिति तथा समय;

(ञ) बोलपत्र/लिलाम खोल्ने मिति, समय तथा स्थान;

(ट) धरौटी रकम तथा धरौटीको स्वरूप;

(ठ) भुक्तानीको शर्त;

(ड) उठान/निकासी गर्न पाउने अवधि;

(ढ) वातावरणीय तथा प्राविधिक शर्त;

(ण) निकासी पास तथा ढुवानीसम्बन्धी व्यवस्था;

(त) कर, शुल्क, दस्तुर तथा अन्य दायित्व;

(थ) सम्झौता गर्नुपर्ने अवधि;

(द) सम्झौता नगरेमा वा रकम दाखिला नगरेमा हुने परिणाम;

(ध) अन्य आवश्यक शर्त।

(३) सूचना प्रकाशन गर्दा प्रचलित कानूनबमोजिम तोकिएको माध्यम, अवधि तथा प्रक्रिया पूरा गर्नुपर्नेछ।

## ४५. लिलाम कागजात तथा शर्त

(१) लिलाममा सहभागी हुने व्यक्तिले लिलामसम्बन्धी कागजात तथा शर्त पूर्ण रूपमा अध्ययन गरी स्वीकार गरेको मानिनेछ।

(२) लिलाम कागजातमा देहायका विषय स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछः-

(क) नदीजन्य पदार्थको स्रोत;

(ख) उपलब्ध परिमाण;

(ग) न्यूनतम दर;
(घ) धरौटी;
(ङ) भुक्तानी प्रक्रिया;
(च) सम्झौता अवधि;
(छ) उठान तथा निकासी अवधि;
(ज) वातावरणीय शर्त;
(झ) ढुवानीसम्बन्धी शर्त;
(ञ) अनुगमन तथा नियन्त्रण;
(ट) राजस्व तथा कर दायित्व;
(ठ) उल्लङ्घन भएमा हुने कारबाही;
(ड) सम्झौता रद्द हुने अवस्था;
(ढ) जमानत/धरौटी जफत हुने अवस्था;
(ण) अन्य आवश्यक शर्त ।

### ४६. धरौटी तथा लिलाम जमानत

(१) नदीजन्य पदार्थको बिक्री वा लिलाम प्रक्रियामा सहभागी हुने प्रत्येक बोलपत्रदाता वा प्रस्तावदाताले लिलाम सूचनामा तोकिएबमोजिम कबोल गरेको रकमको निश्चित प्रतिशत वा निश्चित रकम बराबरको धरौटी/लिलाम जमानत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको धरौटी/लिलाम जमानत नगद, बैंक जमानत वा प्रचलित कानून तथा लिलाम सूचनामा तोकिएको अन्य स्वीकृत माध्यमबाट पेश गर्न सकिनेछ । बैंक जमानत पेश गर्दा जारी गर्ने बैंक, रकम, मान्य अवधि, भुक्तानीको शर्त तथा अन्य आवश्यक विवरण लिलाम सूचनामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(३) लिलाम जमानतको रकम सामान्यतः कबोल रकमको पाँच प्रतिशतसम्म कायम गर्न सकिनेछ । तर लिलामको प्रकृति, परिमाण, मूल्य, जोखिम तथा प्रचलित कानूनलाई विचार गरी सम्बन्धित लिलाम सूचनामा सोभन्दा फरक प्रतिशत वा रकम निर्धारण गर्नुपर्ने भएमा सोको आधार र शर्त स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(४) तोकिएको रकम वा प्रतिशतको धरौटी/लिलाम जमानत पेश नगरेको, तोकिएको माध्यम वा ढाँचाबमोजिम पेश नगरेको, जमानतको मान्य अवधि अपुग भएको वा लिलाम सूचनामा तोकिएका अन्य अनिवार्य शर्त पूरा नगरेको बोलपत्र वा प्रस्तावलाई सारभूत रूपमा गैरउत्तरदायी मानी मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन । त्यस्तो अवस्थामा पछि थप जमानत पेश गराई बोलपत्रलाई मान्य गराउन पाइने छैन ।

(५) लिलाम प्रक्रियामा सबैभन्दा बढी कबोल रकम पेश गरी प्रथम स्थानमा रहेको बोलपत्रदाता/कबोलदाता ले लिलाम सूचनामा तोकिएका धरौटी, लिलाम जमानत, बैंक जमानत, सम्झौता, रकम दाखिला वा अन्य कुनै अनिवार्य शर्त तथा दायित्व तोकिएको अवधिभित्र पूरा नगरेमा वा पूरा गर्न अस्वीकार गरेमा निजलाई लिलाम

सम्झौता गर्न अयोग्य मानी प्रचलित कानून तथा लिलाम सूचनाबमोजिम निजले पेश गरेको लिलाम जमानत जफत गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रथम स्थानमा रहेको बोलपत्रदाता/कबोलदाता तोकिएको शर्त पूरा गर्न असफल भएमा त्यसपछि कायम भएको योग्य तथा सारभूत रूपमा उत्तरदायी दोस्रो उच्च कबोलदाताको प्रस्तावलाई प्रचलित कानून, लिलाम सूचना तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा विचार गरी आवश्यक निर्णयका लागि पेश गर्न सकिनेछ ।

(७) उपदफा (४) र (५) बमोजिम कुनै बोलपत्रदाता वा कबोलदाताले अनिवार्य शर्त पूरा नगरेको अवस्थामा पछि थप कागजात वा जमानत पेश गराई मूल बोलपत्रको सारभूत त्रुटि सच्याएर मान्य गराउन पाइने छैन ।

### ४७. बोलपत्र/लिलाम पेश गर्ने तथा खोल्ने

(१) बोलपत्र/लिलाम प्रस्ताव तोकिएको मिति, समय र स्थानमा पेश गर्नुपर्नेछ ।

(२) निर्धारित समयपछि प्राप्त प्रस्ताव स्वीकार गरिने छैन ।

(३) बोलपत्र/लिलाम खोल्दा प्राप्त प्रस्तावको विवरण मुचुल्का तयार गरी अभिलेखमा राख्नुपर्नेछ ।

(४) बोलपत्र खोल्ने तथा मूल्याङ्कन गर्ने प्रक्रिया प्रचलित कानून तथा लिलामसम्बन्धी कागजातबमोजिम हुनेछ ।

(५) बोलपत्र/लिलाम खोल्ने क्रममा मात्र बोलपत्र स्वीकृत गर्ने निर्णय नगरी प्रचलित कानूनी प्रक्रिया पूरा गरी मूल्याङ्कन तथा स्वीकृतिको निर्णय गर्नुपर्नेछ। सार्वजनिक खरिद नियमावलीमा समेत बोलपत्र खोल्दाको समयमा नै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने निर्णय नगर्ने व्यवस्था देखिन्छ ।

### ४८. मूल्याङ्कन तथा स्वीकृति

(१) प्राप्त बोलपत्र/लिलाम प्रस्तावको मूल्याङ्कन गर्न प्रचलित कानूनबमोजिम गठित मूल्याङ्कन समिति वा अधिकारप्राप्त समितिले आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(२) मूल्याङ्कन गर्दा कम्तीमा देहायका विषय परीक्षण गर्नुपर्नेछः-

(क) तोकिएको फाराममा प्रस्ताव पेश भए/नभएको;

(ख) धरौटी पेश भए/नभएको;

(ग) प्रस्तावित दर न्यूनतम दरभन्दा कम भए/नभएको;

(घ) आवश्यक कागजात पेश भए/नभएको;

(ङ) प्रस्तावदाताको योग्यता तथा कानूनी हैसियत;

(च) प्रस्तावमा हस्ताक्षर भए/नभएको;

(छ) कबोल अंक तथा अक्षरमा समानता भए/नभएको;

(ज) लिलामका अन्य शर्त स्वीकार गरे/नगरेको;

(झ) अन्य आवश्यक कानूनी विषय ।

(३) मूल्याङ्कन समितिले मूल्याङ्कनको आधार, प्राप्त प्रस्ताव, स्वीकार/अस्वीकारको कारण तथा सिफारिस स्पष्ट रूपमा उल्लेख गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) बोलपत्र/लिलाम स्वीकृत गर्दा प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारी/निकायबाट निर्णय गर्नुपर्नेछ ।

### ४९. समान वा उच्चतम कबोल सम्बन्धी व्यवस्था

(१) प्रचलित कानून तथा लिलाम सूचनाबमोजिम उच्चतम मूल्याङ्कन गरिएको सारभूत रूपमा प्रभावग्राही प्रस्तावलाई स्वीकृतिका लागि सिफारिस गर्नुपर्नेछ।

(२) दुई वा दुईभन्दा बढी प्रस्तावको कबोल रकम समान भएको अवस्थामा लिलाम सूचना तथा प्रचलित कानून बमोजिम उपयुक्त प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(३) उच्चतम कबोल मात्र भएको आधारमा कानूनी तथा लिलामसम्बन्धी अनिवार्य शर्त पूरा नगरेको प्रस्ताव स्वीकृत गर्न पाइने छैन।

### ५०. लिलाम अस्वीकृत वा रद्द गर्न सकिने

(१) देहायको कुनै अवस्था विद्यमान भएमा प्रचलित कानून, लिलाम सूचना तथा मूल्याङ्कन प्रतिवेदनका आधारमा लिलाम प्रक्रिया पूर्ण वा आंशिक रूपमा अस्वीकृत, स्थगित वा रद्द गर्न सकिनेछः

(क) सारभूत रूपमा उत्तरदायी बोलपत्र प्राप्त नभएमा;

(ख) न्यूनतम बिक्री दरभन्दा कम कबोल प्राप्त भएमा;

(ग) बोलपत्रदाताले तोकिएको धरौटी, लिलाम जमानत, बैंक जमानत वा अन्य अनिवार्य शर्त पूरा नगरेमा;

(घ) स्रोत, परिमाण वा प्राविधिक तथा वातावरणीय अवस्थामा महत्वपूर्ण परिवर्तन भई लिलाम प्रक्रिया सञ्चालन गर्न अनुपयुक्त भएमा;

(ङ) अदालत वा सक्षम निकायको आदेश, सार्वजनिक हित, वातावरणीय संरक्षण वा प्रचलित कानूनबमोजिम लिलाम रद्द गर्नुपर्ने अवस्था भएमा।

(२) सबैभन्दा बढी/उच्चतम कबोल गर्ने बोलपत्रदाता/कबोलदाताले लिलाम सूचनामा तोकिएका अनिवार्य शर्त, जमानत, रकम दाखिला वा सम्झौता तोकिएको अवधिभित्र पूरा नगरेमा निजको बोलपत्र अस्वीकृत गरी प्रचलित कानूनबमोजिम लिलाम जमानत जफत गर्न सकिनेछ। यस्तो अवस्थामा दोस्रो उच्च तथा सारभूत रूपमा उत्तरदायी बोलपत्रदाता उपलब्ध भएमा प्रचलित कानून र लिलाम सूचनाबमोजिम आवश्यक प्रक्रिया अघि बढाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम दोस्रो योग्य बोलपत्रदातासँग प्रक्रिया अघि बढाउन कानूनी वा प्रशासनिक रूपमा उपयुक्त नदेखिएमा वा योग्य दोस्रो बोलपत्रदाता उपलब्ध नभएमा सम्बन्धित लिलाम पूर्ण वा आंशिक रूपमा रद्द गरी आवश्यकतानुसार पुनः लिलाम प्रक्रिया सञ्चालन गर्न सकिनेछ।

(४) लिलाम अस्वीकृत, स्थगित वा रद्द गर्दा कारण, कानूनी आधार, मूल्याङ्कनको अवस्था तथा सम्बन्धित बोलपत्रदाताको शर्त पूरा गरेको वा नगरेको अवस्था स्पष्ट रूपमा उल्लेख गरी निर्णय अभिलेखमा राख्नुपर्नेछ र जफत गर्नुपर्ने अवस्था बाहेक धरौटी तथा लिलाम जमानत प्रचलित कानून तथा लिलाम सूचनाबमोजिम फुकुवा वा फिर्ता गर्नुपर्नेछ।

### ५१. लिलाम स्वीकृति तथा सम्झौता

(१) लिलाम स्वीकृत भएपछि सफल बोलपत्रदातालाई स्वीकृतिको जानकारी दिई तोकिएको अवधिभित्र सम्झौता गर्न आह्वान गर्नुपर्नेछ।

(२) सफल बोलपत्रदाताले सूचनामा तोकिएको अवधिभित्र आवश्यक रकम दाखिला तथा सम्झौतासम्बन्धी प्रक्रिया पूरा गरी सम्झौता गर्नुपर्नेछ।

(३) तोकिएको अवधिमा सम्झौता गर्न नआएमा वा आवश्यक रकम दाखिला नगरेमा प्रचलित कानून तथा लिलाम कागजातबमोजिम धरौटी/जमानत जफत गरी वैकल्पिक प्रक्रिया अपनाउन सकिनेछ।

(४) सम्झौता नगरेको अवस्थामा दोस्रो उच्चतम प्रस्तावदातासँग सम्झौता गर्ने वा पुनः लिलाम गर्ने सम्बन्धमा निर्णय गर्दा प्रचलित कानून तथा मूल लिलाम सूचनाको शर्त पालना गर्नुपर्नेछ।

### ५२. सम्झौता रकम भुक्तानी

(१) सफल लिलामकर्ता/खरिदकर्ताले सम्झौतामा तोकिएको रकम गाउँपालिकाको तोकिएको खातामा दाखिला गर्नुपर्नेछ।

(२) भुक्तानीको किस्ता, अग्रिम रकम वा पूर्ण रकम सम्बन्धी व्यवस्था लिलाम सूचना तथा सम्झौतामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) सम्झौताबमोजिम आवश्यक रकम दाखिला नगरेसम्म नदीजन्य पदार्थको उठान वा निकासी अनुमति दिन पाइने छैन।

(४) आंशिक भुक्तानीका आधारमा आंशिक परिमाण उठान गर्न दिने व्यवस्था गरिएको भए उठान गर्न पाउने परिमाण र दाखिला भएको रकमबीच स्पष्ट मिलान हुने व्यवस्था गर्नुपर्नेछ।

### ५३. उठान तथा निकासीको अनुमति

(१) सम्झौता सम्पन्न तथा आवश्यक भुक्तानी/जमानतसम्बन्धी प्रक्रिया पूरा भएपछि मात्र सम्झौतामा तोकिएको परिमाणभित्र नदीजन्य पदार्थ उठान तथा निकासी गर्न अनुमति दिन सकिनेछ।

(२) प्रत्येक निकासीमा स्रोत, पदार्थको प्रकार, परिमाण, सवारी नम्बर, चालक, गन्तव्य, मिति तथा समयको अभिलेख राख्नुपर्नेछ।

(३) आवश्यकतानुसार VCTS, Online Bill वा गाउँपालिकाले तोकेको डिजिटल प्रणालीमा विवरण प्रविष्ट गरी निकासी पास जारी गर्नुपर्नेछ।

(४) एउटा स्रोतबाट स्वीकृत कुल परिमाणभन्दा बढी निकासी पास जारी गर्न पाइने छैन।

(५) निकासी पास प्राप्त गरेको आधारमा स्वीकृत परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन् वा उठान गर्न पाइने छैन
।

### ५४. सम्झौता अवधि तथा म्याद थप

(१) सम्झौताको अवधि लिलाम सूचना तथा सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(२) सम्झौताको अवधि समाप्त भएपछि बाँकी नदीजन्य पदार्थ स्वतः उठान गर्न पाउने अधिकार कायम रहने छैन।

(३) म्याद थप गर्नुपर्ने अवस्था सिर्जना भएमा प्रचलित कानून, लिलामका शर्त तथा सम्झौताबमोजिम मात्र म्याद थप गर्न सकिनेछ।

(४) ठेकेदार/खरिदकर्ताको लापरबाही, ढिलाइ वा सम्झौता उल्लङ्घनका कारण उठान हुन नसकेको अवस्थामा त्यस्तो कारणलाई आधार बनाई स्वतः म्याद थप गर्न पाइने छैन।

## ५५. सम्झौता रद्द गर्न सकिने

(१) देहायको अवस्थामा प्रचलित कानून तथा सम्झौताबमोजिम सम्झौता रद्द गर्न सकिनेछः-

(क) सम्झौताबमोजिम रकम दाखिला नगरेमा;

(ख) तोकिएको अवधिमा सम्झौता गर्न नआएमा;

(ग) स्वीकृत परिमाणभन्दा बढी उत्खनन् वा निकासी गरेमा;

(घ) स्वीकृत क्षेत्रभन्दा बाहिर उत्खनन् गरेमा;

(ङ) वातावरणीय शर्तको गम्भीर उल्लङ्घन गरेमा;

(च) झुट्टा वा भ्रामक विवरण पेश गरेको प्रमाणित भएमा;

(छ) बारम्बार सम्झौता उल्लङ्घन गरेमा;

(ज) अदालत वा सक्षम निकायबाट रोक्का/निषेध भएमा;

(झ) प्रचलित कानून वा सम्झौताबमोजिम अन्य कारण उत्पन्न भएमा।

(२) सम्झौता रद्द गर्नुअघि प्रचलित कानूनबमोजिम आवश्यक सूचना तथा सफाइको अवसर प्रदान गर्नुपर्नेछ, तत्काल कारबाही आवश्यक पर्ने अवस्था बाहेक।

(३) सम्झौता रद्द भएमा बाँकी नदीजन्य पदार्थको व्यवस्थापन गाउँपालिकाले प्रचलित कानूनबमोजिम गर्नेछ।

## ५६. धरौटी/जमानत जफत तथा क्षतिपूर्ति

(१) सम्झौता वा लिलामका शर्तबमोजिम जमानत/धरौटी जफत हुने अवस्था सिर्जना भएमा प्रचलित कानून तथा सम्झौताबमोजिम जफत गर्न सकिनेछ।

(२) जमानत जफत भएको कारणबाट सम्बन्धित पक्षको अन्य कानूनी दायित्व समाप्त भएको मानिने छैन।

(३) नदी, वातावरण, सार्वजनिक संरचना वा सार्वजनिक सम्पत्तिमा भएको क्षतिको हकमा प्रचलित कानूनबमोजिम थप क्षतिपूर्ति असुल गर्न सकिनेछ।

## ५७. अवैध वा अनधिकृत रूपमा संकलित नदीजन्य पदार्थको व्यवस्थापन तथा लिलाम

**(१)** प्रचलित कानूनबमोजिम गाउँपालिकाबाट अनुगमन, निरीक्षण तथा नियन्त्रणका क्रममा अवैध, अनधिकृत वा स्वीकृत परिमाण, क्षेत्र, अवधि वा प्रयोजन विपरीत संकलन गरिएको भनी प्रमाणित भई गाउँपालिकाले नियन्त्रणमा लिएको नदीजन्य पदार्थलाई गाउँपालिकाले प्रचलित कानूनबमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नदीजन्य पदार्थको लिलाम प्रक्रिया अगाडि बढाउनु अघि उक्त पदार्थको स्वामित्व, कानूनी हैसियत, नियन्त्रण, जफत वा बरामदको आधार तथा व्यवस्थापनसम्बन्धी विषय यकिन गरी प्रचलित कानूनबमोजिम लिलाम गर्न मिल्ने अवस्था रहेको कुरा सम्बन्धित अभिलेख, प्रमाण तथा निर्णयबाट स्पष्ट भएको हुनुपर्नेछ।

(३) अवैध वा अनधिकृत रूपमा संकलित नदीजन्य पदार्थ लिलामबाट प्राप्त रकमलाई प्रचलित कानून, गाउँपालिकाको आर्थिक ऐन तथा सम्बन्धित निर्णयबमोजिम गाउँपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्नेछ।

(४) अवैध वा अनधिकृत संकलन गर्ने व्यक्ति, फर्म वा कम्पनीको सम्बन्धमा नदीजन्य पदार्थ लिलाम गरिनु मात्रबाट निजको प्रचलित कानूनबमोजिमको राजस्व, शुल्क, जरिवाना, क्षतिपूर्ति वा अन्य कानूनी दायित्व समाप्त भएको मानिने छैन।

(५) अवैध रूपमा संकलित नदीजन्य पदार्थको हकमा प्रचलित कानूनबमोजिम थप कारबाही आवश्यक देखिएमा सम्बन्धित निकायमा जानकारी गराई आवश्यक कानूनी कारबाहीका लागि लेखी पठाउन सकिनेछ।

### ५८. ठेक्का सम्झौताबाट उत्पन्न बेरुजु तथा असुलीका लागि नदीजन्य पदार्थको व्यवस्थापन

(१) कुनै नदीजन्य पदार्थको ठेक्का/सम्झौतासँग सम्बन्धित रकम प्रचलित कानूनबमोजिम बेरुजु, असुलउपर गर्नुपर्ने रकम, सरकारी बाँकी वा गाउँपालिकालाई तिर्नुपर्ने दायित्वका रूपमा कायम भएको र सम्बन्धित ठेकेदार/सम्झौताकर्ताबाट कानूनबमोजिम असुली गर्नुपर्ने अवस्था भएमा, निजको जिम्मामा रहेको, निजले सम्झौताबमोजिम संकलन गरेको वा सम्बन्धित ठेक्का अवधिसँग प्रत्यक्ष रूपमा सम्बन्धित रही गाउँपालिकाको नियन्त्रणमा आएको नदीजन्य पदार्थको कानूनी स्थिति यकिन गरी प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी प्राप्त रकमबाट कानूनबमोजिम असुल गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ लिलाम गर्नुअघि सम्बन्धित राजस्व, लेखा तथा प्राविधिक शाखाबाट आवश्यक राय/प्रमाणसहितको प्रतिवेदन तयार गरी अधिकारप्राप्त निकायसमक्ष पेश गर्नुपर्नेछ।

(३) बेरुजु वा असुलउपर गर्नुपर्ने रकम बराबर असुल गर्न आवश्यक नदीजन्य पदार्थको परिमाण निर्धारण गर्दा सम्बन्धित नदीजन्य पदार्थको प्रचलित न्यूनतम बिक्री दर/स्वीकृत दररेट तथा प्राविधिक रूपमा प्रमाणित परिमाणलाई आधार लिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको परिमाणभन्दा बढी नदीजन्य पदार्थ लिलाम गरी असुली गर्न पाइने छैन, प्रचलित कानूनबमोजिम थप रकम, खर्च, ब्याज, जरिवाना वा अन्य दायित्व समेत असुल गर्नुपर्ने अवस्था भएमा सोसमेत यकिन गरी आवश्यक परिमाण निर्धारण गर्न सकिनेछ।

### ५९. लिलामबाट समेत बिक्री हुन नसकेको नदीजन्य पदार्थको व्यवस्थापन

(१) यस कार्यविधिबमोजिम लिलाम प्रक्रिया सञ्चालन गर्दा कुनै नदीजन्य पदार्थको लिलाम हुन नसकेमा वा प्राप्त प्रस्ताव न्यूनतम स्वीकृत दरभन्दा कम भएका कारण लिलाम स्वीकृत हुन नसकेमा त्यसको कारणसहितको प्रतिवेदन तयार गरी पुनःलिलामको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम पुनःलिलाम गर्दा समेत नदीजन्य पदार्थ बिक्री हुन नसकेमा सम्बन्धित प्राविधिक शाखाबाट उक्त पदार्थको परिमाण, गुणस्तर, भण्डारण अवस्था, उपयोगिता तथा बजार अवस्थाको पुनःमूल्याङ्कन गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक प्रतिवेदनका आधारमा प्रचलित कानून, गाउँपालिकाको आर्थिक ऐन तथा स्वीकृत दररेटबमोजिम न्यूनतम बिक्री दर पुनरावलोकन गर्न मिल्ने अवस्था भएमा अधिकारप्राप्त निकायबाट आवश्यक निर्णय गरी पुनःलिलाम गर्न सकिनेछ।

(४) दुई पटकसम्मको लिलाम प्रक्रियाबाट समेत नदीजन्य पदार्थ बिक्री हुन नसकेको अवस्थामा, सार्वजनिक हित तथा गाउँपालिकाको स्वीकृत योजना तथा कार्यक्रममा आवश्यक पर्ने भएमा, प्रचलित कानूनबमोजिम गाउँपालिकाका सार्वजनिक सडक, जीर्ण/क्षतिग्रस्त सडक, पुल, कल्भर्ट, तटबन्ध, नाला, सिंचाइ, खानेपानी, विपद् व्यवस्थापन तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण, मर्मत, पुनर्निर्माण वा संरक्षणमा आन्तरिक प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम आन्तरिक उपयोग गर्ने निर्णय गर्दा सम्बन्धित प्राविधिक शाखाबाट आवश्यकता, परिमाण, प्रयोगस्थल र प्राविधिक औचित्य **खुल्ने** प्रतिवेदन लिनुपर्नेछ र अधिकारप्राप्त निकायबाट लिखित निर्णय गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम प्रयोग गरिएको नदीजन्य पदार्थको स्रोत, प्रकार, परिमाण, प्रयोग भएको योजना, प्रयोगस्थल, ढुवानी सवारी तथा प्रयोगको मिति सम्बन्धी छुट्टै अभिलेख राख्नुपर्नेछ।

(७) दुई पटकसम्म लिलाम गर्दा पनि बिक्री हुन नसकेको र तत्काल सार्वजनिक प्रयोजनमा समेत प्रयोग गर्न आवश्यक नदेखिएको नदीजन्य पदार्थको हकमा गाउँपालिकाले प्रचलित कानूनबमोजिम पुनःलिलाम, सुरक्षित भण्डारण, अन्य सार्वजनिक निकायलाई हस्तान्तरण वा अन्य उपयुक्त व्यवस्थापनको निर्णय गर्न सक्नेछ।

(८) कुनै विशेष कारणले नदीजन्य पदार्थको गुणस्तरमा ह्रास आएको, प्राकृतिक वा अन्य कारणले बिक्रीयोग्य अवस्था नरहेको वा भण्डारण गर्दा सार्वजनिक सुरक्षा, वातावरण वा अन्य जोखिम उत्पन्न हुने अवस्था भएमा सम्बन्धित प्राविधिक प्रतिवेदनका आधारमा प्रचलित कानूनबमोजिम उचित व्यवस्थापन वा नष्ट/हटाउने प्रक्रिया अपनाउन सकिनेछ।

(९) उपदफा (१) देखि (८) बमोजिमको कुनै पनि व्यवस्थापन गर्दा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रतिस्पर्धात्मक प्रक्रिया छल्ने गरी प्रत्यक्ष रूपमा हस्तान्तरण वा बिक्री गर्न पाइने छैन।

(१०) लिलाम हुन नसकेको नदीजन्य पदार्थको व्यवस्थापन गर्दा गाउँपालिकाको राजस्व हित, सार्वजनिक हित, वातावरणीय सुरक्षा, प्राविधिक आवश्यकता र प्रचलित कानून लाई प्राथमिक आधार मान्नुपर्नेछ।

## परिच्छेद–८

## स्टक घोषणा, प्रमाणीकरण तथा अनुगमन

### ६०. स्टक घोषणा गर्नु पर्ने

(१) गाउँपालिकाको क्षेत्राधिकारभित्र नदीजन्य पदार्थ उत्पादन, उत्खनन्, संकलन, प्रशोधन, खरिद, बिक्री, निर्माण कार्य, भण्डारण वा अन्य प्रयोजनका लागि स्टक राख्ने व्यक्ति, फर्म, कम्पनी, क्रसर उद्योग, निर्माण व्यवसायी, ठेकेदार, उपभोक्ता समिति वा अन्य निकायले प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको पहिलो हप्ताभित्र गाउँपालिकाले तोकेको ढाँचामा आफ्नो स्टक विवरण अनिवार्य रूपमा घोषणा गरी सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ।

(२) स्टक घोषणा गर्दा स्टकको **स्रोत, स्थान, परिमाण, प्रकृति तथा वैधानिकता पुष्टि हुने आवश्यक कागजात** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। यस्तो कागजातमा खरिद बिल/बीजक/भर्पाई, राजस्व तथा कर दाखिला प्रमाण, निकासी/ढुवानी पास, VCTS, Online Bill वा अन्य डिजिटल अभिलेख, सम्बन्धित अनुमति/स्वीकृति तथा स्रोत पुष्टि हुने अन्य प्रमाण समावेश गर्नुपर्नेछ।

(३) स्टक विवरणमा कम्तीमा स्टकधनीको नाम तथा ठेगाना, व्यवसाय/उद्योग दर्ता विवरण, स्टक रहेको स्थान र वडा नं., GPS Coordinates, नदीजन्य पदार्थको प्रकार, मापन गरिएको परिमाण, स्रोत तथा स्रोत रहेको स्थान, खरिद वा संकलन मिति, खरिदकर्ता/बिक्रीकर्ताको विवरण, प्रशोधनको अवस्था, पूर्व घोषित स्टक र बाँकी स्टकको विवरण स्पष्ट रूपमा खुलाउनुपर्नेछ।

(४) गाउँपालिकाले आवश्यक ठानेमा घोषित स्टकको स्थलगत निरीक्षण, नापजाँच, स्रोत तथा कागजात परीक्षण र अभिलेखसँग मिलान गर्न सक्नेछ। घोषणा गरिएको परिमाण र स्थलगत रूपमा यकिन भएको परिमाणमा फरक देखिएमा वा स्रोत तथा वैधानिकता पुष्टि हुने प्रमाण पेश गर्न नसकेमा त्यस्तो स्टकलाई प्रचलित कानूनबमोजिम आवश्यक कारबाही तथा व्यवस्थापनको प्रक्रियामा लैजान सकिनेछ।

(५) स्टक घोषणा गर्दा झुट्टा विवरण, गलत परिमाण, नक्कली वा भ्रामक कागजात पेश गर्न वा वास्तविक स्रोत लुकाउन पाइने छैन। तोकिएको अवधिभित्र स्टक घोषणा नगर्ने वा झुट्टा/अपूर्ण विवरण पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा निकायलाई प्रचलित कानून तथा यस कार्यविधिबमोजिम कारबाही गर्न सकिनेछ र त्यस्तो स्टकको बिक्री, निकासी वा अन्य प्रयोजनमा प्रयोग गर्न गाउँपालिकाले आवश्यक नियन्त्रण वा रोक लगाउन सक्नेछ।

### ६१. स्टकको स्रोत तथा वैधानिकता प्रमाणित गर्नुपर्ने

(१) स्टक घोषणा गर्ने व्यक्ति, फर्म, कम्पनी, उद्योग वा संस्थाले घोषणा गरेको प्रत्येक नदीजन्य पदार्थको स्रोत, उत्पत्ति तथा वैधानिकता पुष्टि हुने प्रमाण अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। यस्तो प्रमाणका रूपमा खरिद सम्झौता, खरिद बिल/बीजक, बिक्रीकर्ताको वैधानिक स्रोतको प्रमाण, उत्खनन् वा संकलन अनुमति, निकासी तथा ढुवानी पास, राजस्व दाखिला प्रमाण, VCTS, Online Bill वा अन्य डिजिटल अभिलेख, IEE/EIA वा वातावरणीय स्वीकृति सम्बन्धी कागजात, लिलाम/बिक्री सम्झौता तथा प्रचलित कानूनबमोजिमका अन्य प्रमाणलाई आधार लिन सकिनेछ।

(२) स्रोतको विवरण र प्रमाणबीच स्पष्ट सम्बन्ध कायम भएको हुनुपर्नेछ। एउटा स्रोतबाट प्राप्त नदीजन्य पदार्थलाई अर्को स्रोतको नाममा देखाई स्टक घोषणा गर्न, स्रोत परिवर्तन गरी अभिलेख मिलाउन वा वास्तविक स्रोत लुकाउन पाइने छैन। गाउँपालिकाले आवश्यक ठानेमा पेश भएका कागजात, डिजिटल अभिलेख तथा स्थलगत नापजाँचबीच मिलान गरी स्रोत र परिमाण यकिन गर्न सक्नेछ।

(३) स्रोत, उत्पत्ति वा वैधानिकता पुष्टि हुने आवश्यक प्रमाण पेश गर्न नसकिएको, पेश गरिएका प्रमाण अविश्वसनीय वा परस्पर बाझिएको, अथवा स्थलगत नापजाँच र अभिलेखबाट स्रोत वा परिमाण यकिन हुन नसकेको **स्टकलाई** "स्रोत नखुलेको/अप्रमाणित स्टक" का रूपमा अभिलेख गरी त्यस्तो स्टकको बिक्री, निकासी वा अन्य प्रयोगमा आवश्यक रोक लगाई प्रचलित कानूनबमोजिम जफत, राजस्व असुली, जरिवाना तथा अन्य आवश्यक कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

### ६२. स्टक प्रमाणीकरण तथा अनुगमन समिति

(१) गाउँपालिकाले नदीजन्य पदार्थको स्टक प्रमाणीकरण, नापजाँच, स्रोत परीक्षण तथा अनुगमनका लागि आवश्यकता अनुसार देहायबमोजिमको समिति गठन गर्न सक्नेछः

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य – संयोजक

(ख) प्राविधिक शाखा प्रमुख – सदस्य

(ग) राजस्व शाखाको प्रमुख – सदस्य

(घ) नगर प्रहरी प्रमुख – सदस्य

(ङ)  सम्बन्धित वडाको वडाध्यक्ष वा प्रतिनिधि – सदस्य

(च)  योजना शाखा प्रमुख – सदस्य सचिव

(छ)  आवश्यकता अनुसार नगर प्रहरी/सुरक्षा निकाय वा सम्बन्धित अन्य निकायको प्रतिनिधि आह्वान गर्न सकिनेछ।

(२) समितिले आवश्यकतानुसार सम्बन्धित विषयका विज्ञ, अमिन, सर्वेक्षक, प्राविधिक कर्मचारी वा अन्य कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्टक घोषणा विवरण परीक्षण गर्ने;

(ख) स्थलगत नापजाँच गर्ने;

(ग) स्रोत तथा कागजात परीक्षण गर्ने;

(घ) घोषणा गरिएको र वास्तविक स्टकबीच तुलना गर्ने;

(ङ) बढी वा कम स्टकको अवस्था पहिचान गर्ने;

(च) स्रोतको वैधानिकता परीक्षण गर्ने;

(छ) आवश्यक प्रमाण माग गर्ने;

(ज) स्थलगत मुचुल्का तयार गर्ने;

(झ) फोटो, GPS तथा अन्य प्राविधिक प्रमाण संकलन गर्ने;

(ञ) आवश्यक कारबाहीका लागि प्रतिवेदन पेश गर्ने।

## ६३. बढी स्टक भेटिएमा

**(१)** घोषित वा गाउँपालिकाबाट वैधानिक कागजातका आधारमा प्रमाणित गरिएको परिमाणभन्दा बढी नदीजन्य पदार्थ स्टकमा भेटिएमा बढी देखिएको सम्पूर्ण परिमाणलाई स्रोत नखुलेको तथा अनधिकृत स्टक मानिनेछ।

**(२)** उपदफा (१) बमोजिम कायम भएको बढी स्टकको परिमाणका आधारमा प्रचलित दरबमोजिम लाग्ने राजस्व रकम तथा गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको जरिवाना सम्बन्धित स्टकधनीबाट असुलउपर गरिनेछ।

**(३)** बढी स्टकको परिमाण कायम भएपछि त्यस्तो परिमाणलाई गाउँपालिकाको अभिलेखमा छुट्टै उल्लेख गरी राजस्व तथा जरिवाना असुलउपर नभएसम्म त्यस्तो नदीजन्य पदार्थको बिक्री, निकासी, ढुवानी वा अन्य प्रयोजनमा प्रयोग गर्न दिइने छैन।

**(४)** उपदफा (२) बमोजिमको राजस्व तथा जरिवाना असुलउपर नभएको वा स्रोत तथा कानूनी हैसियत कायम भएको प्रमाण उपलब्ध नभएको अवस्थामा त्यस्तो नदीजन्य पदार्थलाई प्रचलित कानूनबमोजिम जफत, व्यवस्थापन वा लिलाम गर्न सकिनेछ।

## ६४. कम स्टक देखिएमा

(१) घोषित वा प्रमाणित स्टकभन्दा स्थलगत नापजाँचमा कम परिमाण देखिएमा सम्बन्धित स्टकधनीले कम भएको परिमाणको स्रोत खुलाउनुपर्नेछ।

(२) बिक्री, प्रयोग, प्रशोधन, ढुवानी वा अन्य वैधानिक कारणबाट स्टक घटेको भए सोको बिल, पास, बिक्री अभिलेख, योजना प्रयोग विवरण वा अन्य प्रमाण पेश गर्नुपर्नेछ।

(३) प्रमाणबाट स्टक घटेको कारण पुष्टि भएमा अभिलेख अद्यावधिक गर्न सकिनेछ।

(४) पर्याप्त प्रमाण पेश हुन नसकेमा प्रचलित कानूनबमोजिम आवश्यक अनुसन्धान तथा कारबाही गर्न सकिनेछ।

### ६५. बाह्य स्रोतबाट खरिद गरिएको नदीजन्य पदार्थ

(१) गाउँपालिका भन्दा बाहिरको स्थानीय तह, वैधानिक उत्खनन्/संकलन स्रोत, स्वीकृत बिक्री केन्द्र वा अन्य कानूनी स्रोतबाट खरिद गरिएको नदीजन्य पदार्थ स्टकमा राखिएको भए सम्बन्धित पक्षले त्यसको **स्रोत र** वैधानिक उत्पत्ति प्रमाणित गर्ने कागजात पेश गर्नुपर्नेछ।

(२) बाह्य स्रोतबाट खरिद गरिएको नदीजन्य पदार्थको हकमा कम्तीमा देहायका कागजात पेश गर्नुपर्नेछः-

(क) बिक्रीकर्ता/स्रोतको नाम तथा ठेगाना;

(ख) सम्बन्धित स्थानीय तह/निकायको विवरण;

(ग) खरिद बिल/बीजक;

(घ) खरिद सम्झौता,

(ङ) निकासी पास;

(च) ढुवानी पास;

(छ) राजस्व/कर दाखिला प्रमाण;

(ज) VCTS, Online bill वा अन्य डिजिटल ट्र्याकिङ विवरण;

(झ) स्रोतको वैधानिकता पुष्टि हुने कागजात;

(ञ) अन्य आवश्यक प्रमाणख।

(३) बाह्य स्रोतबाट खरिद गरिएको भनी मात्र स्टकलाई वैधानिक मानिने छैन। स्रोत, परिमाण, ढुवानी र खरिद प्रक्रिया समेत वैधानिक भएको प्रमाणित हुनुपर्नेछ।

(४) बाह्य स्रोतबाट आएको पदार्थको खरिद विवरण र वास्तविक स्टकबीच परिमाण नमिलेमा सम्बन्धित पक्षबाट कारण तथा प्रमाण माग गर्न सकिनेछ।

यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यवस्था भए तापनि, राप्ती सोनारी गाउँपालिकाको क्षेत्रबाट नदीजन्य पदार्थ बाह्य निकासी हुने भएकाले गाउँपालिकाको क्षेत्रभित्र फेला परेको नदीजन्य पदार्थलाई अन्यत्रबाट खरिद गरी ल्याइएको भनी देखाइएको विवरण वा कागजात मात्रका आधारमा त्यस्तो स्टकलाई वैधानिक मान्यता प्रदान गरिने छैन। सम्बन्धित पक्षले उक्त पदार्थको वास्तविक स्रोत, उत्पत्ति, खरिद, ढुवानी, राजस्व दाखिला तथा स्रोतदेखि स्टक स्थलसम्मको सम्पूर्ण आवागमन पुष्टि हुने विश्वसनीय तथा प्रचलित कानूनबमोजिमका प्रमाण पेश गर्नुपर्नेछ। प्रमाणबाट स्रोत तथा वैधानिकता पुष्टि हुन नसकेको नदीजन्य पदार्थलाई स्रोत नखुलेको/अवैध स्टक मानी प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरिनेछ।

## परिच्छेद–९

## क्रसर तथा नदीजन्य पदार्थ प्रशोधन उद्योगको स्रोत, स्टक, उत्पादन, बिक्री, मर्मत–सम्भार तथा अनुगमन

### ६६. क्रसर तथा प्रशोधन उद्योगले स्रोत खुलाई स्टक प्रमाणित गराउनुपर्ने

(१) गाउँपालिकाको क्षेत्राधिकारभित्र सञ्चालनमा रहेका वा नदीजन्य पदार्थ खरिद, संकलन, भण्डारण, प्रशोधन तथा बिक्री गर्ने क्रसर तथा अन्य प्रशोधन उद्योगले उद्योग परिसरमा रहेको कच्चा तथा प्रशोधित नदीजन्य पदार्थको स्रोत, परिमाण र कारोबारसम्बन्धी अद्यावधिक अभिलेख राखी गाउँपालिकाले तोकेको अवधिमा स्टक विवरण पेश गर्नुपर्नेछ ।

(२) उद्योगमा भित्र्याइने प्रत्येक नदीजन्य पदार्थको स्रोत/उत्पत्ति स्थान, सम्बन्धित स्थानीय तह, खरिदकर्ता/बिक्रीकर्ता, खरिद मिति तथा परिमाण, बिल/बीजक, राजस्व/कर दाखिला, सवारी नं., ढुवानी/निकासी पास, VCTS, Online Bill वा अन्य डिजिटल अभिलेख तथा उद्योगमा प्रवेश गरेको मिति र समय अनिवार्य रूपमा अभिलेख गर्नुपर्नेछ ।

(३) अन्यत्रबाट खरिद वा ल्याइएको भनी दाबी गरिएको नदीजन्य पदार्थको हकमा स्रोत, उत्पत्ति, खरिद, ढुवानी तथा राजस्व दाखिलासम्बन्धी वैधानिक प्रमाण पेश नगरेसम्म त्यस्तो पदार्थलाई वैधानिक स्रोतबाट प्राप्त भएको मानिने छैन र त्यस्तो पदार्थको बिक्री, प्रशोधन वा निकासीमा गाउँपालिकाले आवश्यक नियन्त्रण वा रोक लगाउन सक्नेछ।

(४) गाउँपालिकाले आवश्यक ठानेमा उद्योगमा रहेको कच्चा तथा प्रशोधित नदीजन्य पदार्थको स्थलगत नापजाँच, स्रोत परीक्षण, कागजात परीक्षण तथा डिजिटल अभिलेखसँग मिलान गरी स्टक प्रमाणीकरण गर्न सक्नेछ । उद्योगले यस्तो परीक्षणका लागि आवश्यक अभिलेख, कागजात तथा सूचना तत्काल वा तोकिएको अवधिभित्र उपलब्ध गराउनुपर्नेछ।

(५) स्रोत वा परिमाण पुष्टि नहुने, गलत विवरण पेश गरिएको वा वैधानिक प्रमाणबिना स्टक राखिएको पाइएमा त्यस्तो स्टकलाई अप्रमाणित/स्रोत नखुलेको स्टक मानी प्रचलित कानूनबमोजिम राजस्व असुली, जरिवाना, जफत तथा अन्य आवश्यक कानूनी कारबाहीको प्रक्रिया अघि बढाउन सकिनेछ ।

### ६७. परियोजनामा आधारित क्रसर उद्योगको नवीकरण तथा सञ्चालन

(१) परियोजनामा आधारित क्रसर उद्योगले प्रत्येक आर्थिक वर्षमा अनिवार्य रूपमा नवीकरण गराउनुपर्नेछ । नवीकरणका लागि उद्योगले अघिल्लो आर्थिक वर्षमा परियोजनाका लागि उत्पादन, खरिद, प्रशोधन, बिक्री, बाँकी स्टक तथा प्रयोग भएको नदीजन्य पदार्थको विवरण सहितको वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) नवीकरण गर्दा उद्योगले पेश गरेको प्रतिवेदन, परियोजनाको प्रगति, स्वीकृत परियोजना परिमाण, नदीजन्य पदार्थको स्रोत तथा स्टक अवस्था, बिक्री/प्रयोग विवरण, राजस्व दाखिला र सम्बन्धित प्राविधिक तथा वातावरणीय शर्तको अनुपालन परीक्षण गरी सोका आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार मात्र नवीकरण गर्नुपर्नेछ ।

(३) परियोजनामा आधारित क्रसर उद्योगले स्वीकृत परियोजनाको निर्माण वा कार्यान्वयनका लागि आवश्यक नदीजन्य पदार्थ मात्र उत्पादन, प्रशोधन तथा बिक्री/आपूर्ति गर्न पाउनेछ । परियोजनासँग असम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा अन्य प्रयोजनका लागि नदीजन्य पदार्थ बिक्री, वितरण वा निकासी गर्न पाइने छैन ।

(४) परियोजनाका लागि स्वीकृत परिमाण भन्दा बढी उत्पादन, प्रशोधन, बिक्री वा निकासी गर्न, स्रोत परिवर्तन गर्न वा परियोजनाबाहेक अन्य प्रयोजनमा नदीजन्य पदार्थ प्रयोग गर्न पाइने छैन । परियोजनाको नाममा प्राप्त नदीजन्य

पदार्थको स्रोत, परिमाण, प्रयोग तथा बिक्रीको छुट्टाछुट्टै अभिलेख राखी गाउँपालिकाले माग गरेको अवस्थामा पेश गर्नुपर्नेछ।

(५) परियोजनाको नाममा प्राप्त वा उत्पादन भएको नदीजन्य पदार्थ स्वीकृत परियोजनाको प्रयोजन बाहेक अन्यत्र बिक्री, वितरण, हस्तान्तरण वा निकासी गरेको प्रमाणित भएमा प्रचलित आर्थिक ऐनबमोजिम राजस्व, जरिवाना तथा अन्य देय रकम असुलउपर गरी कानूनी कारबाही गरिनेछ। यस्तो कार्य पटक–पटक दोहोरिएमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा निर्माण व्यवसायीको सिफारिस, निकासी अनुमति वा पास रोक्का/निलम्बन गरी प्रचलित कानूनबमोजिम थप कारबाही तथा आवश्यक भए सम्बन्धित निकायमा कालोसूचीका लागि सिफारिस गर्न सकिनेछ।

(६) परियोजनामा आधारित क्रसर उद्योगले नवीकरणका क्रममा पेश गरेको प्रतिवेदनमा झुट्टा विवरण, गलत परिमाण, स्रोत लुकाइएको वा वास्तविक कारोबार भन्दा फरक विवरण पेश गरेको प्रमाणित भएमा नवीकरण अस्वीकृत वा रद्द गर्न, उद्योगको सञ्चालनमा रोक लगाउन तथा प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सकिनेछ।

६८. **क्रसर उद्योगको आवागमन मार्गको मर्मत–सम्भार**

**(१) क्रसर तथा नदीजन्य पदार्थ प्रशोधन उद्योगको सञ्चालन, कच्चा पदार्थको ढुवानी तथा उत्पादित पदार्थको निकासीका क्रममा उद्योगको नियमित आवागमन हुने **सार्वजनिक सडक, ग्रामीण सडक, पहुँचमार्ग, कल्भर्ट तथा अन्य यातायात पूर्वाधारमा क्षति पुगेमा वा आवागमनका कारण मर्मत–सम्भार आवश्यक भएमा त्यस्तो मार्गको मर्मत–सम्भार गर्ने दायित्व सम्बन्धित उद्योगको हुनेछ।**

**(२) उपदफा (१) बमोजिमको मर्मत–सम्भार कार्य गर्दा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको प्राविधिक शाखासँग समन्वय गरी गाउँपालिकाबाट स्वीकृत प्राविधिक मापदण्ड, लागत अनुमान तथा निर्देशन बमोजिम गर्नुपर्नेछ।**

**(३) उद्योगले आफ्नो प्रयोजनका लागि प्रयोग गर्ने पहुँचमार्ग तथा निजी मार्गको नियमित मर्मत–सम्भार आफ्नै खर्चमा गर्न सक्नेछ। सार्वजनिक सडकको मर्मत–सम्भार गर्नुपरेमा सम्बन्धित निकायको समन्वय र स्वीकृतिबिना सडकको स्वरूप परिवर्तन, चौडाइ घटाउने/बढाउने, नाला बन्द गर्ने, कल्भर्ट परिवर्तन गर्ने वा अन्य संरचनामा हस्तक्षेप गर्न पाइने छैन।**

**(४) उद्योगबाट हुने भारी सवारी साधनको आवागमनका कारण सार्वजनिक सडकमा भएको क्षति, धुलो नियन्त्रण, सडक किनाराको कटान, नाला तथा पानी निकासमा परेको असर न्यूनीकरण गर्न गाउँपालिकाले दिएको निर्देशन बमोजिम उद्योगले आवश्यक मर्मत–सम्भार तथा वातावरणीय व्यवस्थापन कार्य आफ्नै खर्चमा गर्नुपर्नेछ।**

**६९. क्रसर तथा प्रशोधन उद्योगको स्थलगत अनुगमन**

(१) गाउँपालिकाले क्रसर तथा प्रशोधन उद्योगको नियमित, आकस्मिक, जोखिममा आधारित वा प्राप्त उजुरी तथा सूचनाका आधारमा आवश्यकतानुसार जुनसुकै समयमा स्थलगत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा उद्योगको दर्ता तथा सञ्चालनसम्बन्धी कागजात, वातावरणीय स्वीकृति तथा त्यसको पालना, नदीजन्य पदार्थको स्रोत, खरिद तथा बिक्री अभिलेख, उत्पादन तथा प्रशोधन विवरण, राजस्व तथा कर दाखिला र ढुवानी/निकासीसम्बन्धी कागजात परीक्षण गरिनेछ।

(३) अनुगमनका क्रममा उद्योगमा रहेको कच्चा तथा प्रशोधित नदीजन्य पदार्थको वास्तविक स्टक नापजाँच गरी अभिलेख, बिल/बीजक, ढुवानी तथा निकासी पास, VCTS, Online Bill वा अन्य डिजिटल अभिलेखसँग मिलान गर्न सकिनेछ।

(४) अनुगमनबाट प्रचलित कानून, वातावरणीय स्वीकृति, अनुमति वा गाउँपालिकाले तोकेका शर्तको उल्लङ्घन भएको पाइएमा कैफियत अभिलेख गरी सुधारका लागि निर्देशन दिने, आवश्यक समय तोक्ने तथा प्रचलित कानूनबमोजिम राजस्व असुली, जरिवाना, स्टक नियन्त्रण, सञ्चालनमा रोक वा अन्य आवश्यक कानूनी कारबाहीको प्रक्रिया अघि बढाउन सकिनेछ।

## ७०. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार

अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वीकृत स्रोत, उत्खनन् क्षेत्र तथा परिमाणको परीक्षण गर्ने;

(ख) उत्खनन् अनुमति, सम्झौता तथा अन्य कागजात परीक्षण गर्ने;

(ग) वातावरणीय अध्ययन तथा स्वीकृतिका शर्त पालना भए/नभएको परीक्षण गर्ने;

(घ) स्थलगत रूपमा नदीजन्य पदार्थको नापजाँच गर्ने;

(ङ) स्टकको वास्तविक अवस्था परीक्षण गर्ने;

(च) नदीजन्य पदार्थको स्रोत तथा वैधानिकता परीक्षण गर्ने;

(छ) क्रसर तथा प्रशोधन उद्योगको कच्चा पदार्थ, उत्पादन तथा बिक्री विवरण परीक्षण गर्ने;

(ज) निकासी पास तथा ढुवानी विवरण परीक्षण गर्ने;

(झ) सवारी साधनमा रहेको पदार्थको प्रकार तथा परिमाण परीक्षण गर्ने;

(ञ) राजस्व दाखिला तथा बिक्री विवरण परीक्षण गर्ने;

(ट) डिजिटल अभिलेख, VCTS , Online Bill, GPS तथा अन्य ट्र्याकिङ विवरण परीक्षण गर्ने;

(ठ) नदी, खोला, तटबन्ध, पुल, सडक, कृषि भूमि, बस्ती तथा अन्य संरचनामा परेको प्रभाव निरीक्षण गर्ने;

(ड) उजुरी तथा गुनासोको स्थलगत परीक्षण गर्ने;

(ढ) आवश्यक प्रमाण, फोटो, भिडियो, GPS Coordinates तथा अन्य प्राविधिक प्रमाण संकलन गर्ने;

(ण) अनियमितता देखिएमा तत्काल आवश्यक नियन्त्रण तथा कारबाहीका लागि सिफारिस गर्ने;

(त) अनुगमन प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीसमक्ष पेश गर्ने।

## ७१. अनुगमनका प्रकार

गाउँपालिकाले नदीजन्य पदार्थको स्रोत, उत्खनन्, संकलन, स्टक, प्रशोधन, बिक्री तथा निकासीको अवस्था हेरी आवश्यकता अनुसार देहायबमोजिम अनुगमन गर्न सक्नेछः-

(१) **नियमित तथा जोखिममा आधारित अनुगमन** — स्वीकृत कार्यतालिका तथा जोखिमको स्तरका आधारमा नियमित रूपमा वा उच्च जोखिमयुक्त स्रोत, उद्योग, ठेक्का, स्टक तथा कारोबारमा केन्द्रित रही गरिने अनुगमन।

(२) **आकस्मिक, उजुरीमा आधारित तथा संयुक्त अनुगमन** — पूर्वसूचना बिना, प्राप्त उजुरी, सूचना वा गुनासोका आधारमा वा सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गरी संयुक्त रूपमा गरिने अनुगमन।

(३) **पुनःअनुगमन** — अघिल्लो अनुगमनबाट दिइएको निर्देशन, सुधारात्मक उपाय तथा तोकिएको शर्तको पालना भए/नभएको परीक्षण गर्न गरिने अनुगमन।

### ७२. संयुक्त अनुगमन तथा समन्वय

(१) विषयको प्रकृतिअनुसार गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, प्रहरी, वन कार्यालय, राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र, घरेलु तथा साना उद्योग कार्यालय वा अन्य सम्बन्धित सरकारी निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सक्नेछ।

(२) संयुक्त अनुगमनबाट प्राप्त तथ्य तथा प्रमाण सम्बन्धित निकायको अधिकारक्षेत्रअनुसार प्रयोग तथा कारबाहीका लागि पठाउन सकिनेछ।

(३) अन्य निकायको अधिकारक्षेत्रमा पर्ने विषयमा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र ननाघी समन्वय, सूचना आदानप्रदान तथा आवश्यक सिफारिस गर्नेछ।

## परिच्छेद–१०

## ढुवानी, निकासी पास तथा डिजिटल ट्र्याकिङ

### ७३. निकासी पास बिना नदीजन्य पदार्थ ढुवानी गर्न नहुने

(१) गाउँपालिकाको अधिकारक्षेत्रभित्रबाट बाह्य निकासी वा अन्य प्रयोजनका लागि ढुवानी गरिने नदीजन्य पदार्थ गाउँपालिकाबाट जारी भएको वैध निकासी/ढुवानी पास/अनुमतिबिना एक स्थानबाट अर्को स्थानमा ढुवानी, हस्तान्तरण वा निकासी गर्न पाइने छैन।

(२) निकासी/ढुवानी पास जारी गर्नुअघि नदीजन्य पदार्थको वैधानिक स्रोत, प्रकार, परिमाण, प्रयोजन, गन्तव्य, राजस्व/दस्तुर दाखिला, सम्बन्धित खरिद/बिक्री वा उपयोगको आधार, आवश्यक वातावरणीय स्वीकृति तथा सवारी साधनको विवरण परीक्षण गरी पासमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। पासमा उल्लिखित विवरणभन्दा फरक स्रोत, परिमाण, गन्तव्य वा सवारी साधनबाट ढुवानी गर्न पाइने छैन।

(३) एउटै निकासी/ढुवानी पास एकभन्दा बढी सवारी साधनमा प्रयोग गर्न, प्रतिलिपि वा पुनःप्रयोग गर्न तथा एउटै पासबाट पटक–पटक नदीजन्य पदार्थ निकासी गर्न पाइने छैन । पासबिना वा पासमा उल्लिखित विवरणविपरीत ढुवानी गरिएको नदीजन्य पदार्थलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिई राजस्व असुली, जरिवाना तथा अन्य आवश्यक कानूनी कारबाही गर्न सकिनेछ।

### ७४. निकासी पास/अनुमतिको अवधि

(१) निकासी पास जारी गर्दा पासको मान्य अवधि स्पष्ट रूपमा तोक्नुपर्नेछ।

(२) पासमा तोकिएको अवधिभित्र मात्र सम्बन्धित नदीजन्य पदार्थ ढुवानी गर्न पाइनेछ।

(३) बाटो अवरोध, प्राकृतिक विपद्, सवारी दुर्घटना वा चालकको नियन्त्रणबाहिरको असाधारण परिस्थितिका कारण तोकिएको समयमा गन्तव्य पुग्न नसकेको अवस्थामा सम्बन्धित प्रमाणका आधारमा अधिकारप्राप्त अधिकारीले आवश्यक निर्णय गर्न सक्नेछ।

(४) म्याद समाप्त भएको पासलाई नयाँ पाससरह प्रयोग गर्न पाइने छैन।

### ७५. गन्तव्य परिवर्तन गर्न नहुने

(१) निकासी पासमा तोकिएको गन्तव्यभन्दा अन्य स्थानमा नदीजन्य पदार्थ लैजान पाइने छैन ।

(२) अपरिहार्य परिस्थितिका कारण गन्तव्य परिवर्तन गर्नुपर्ने भएमा डिजिटल प्रणाली वा अधिकारप्राप्त अधिकारीबाट पूर्वस्वीकृति लिनुपर्नेछ ।

(३) स्वीकृति बिना गन्तव्य परिवर्तन गरी नदीजन्य पदार्थ बिक्री, भण्डारण वा प्रयोग गरेको पाइएमा त्यस्तो कार्यलाई पासको शर्त उल्लङ्घन गरेको मानिनेछ ।

### ७६. पास/अनुमतिको दुरुपयोग गर्न नहुने

देहायका कार्यलाई निकासी पासको दुरुपयोग मानिनेछः-

(क) एउटै पासबाट पटक–पटक ढुवानी गर्नु;

(ख) पासमा उल्लेख भएको भन्दा बढी पदार्थ ढुवानी गर्नु;

(ग) फरक पदार्थ ढुवानी गर्नु;

(घ) फरक स्रोतको पदार्थ ढुवानी गर्नु;

(ङ) फरक सवारी साधन प्रयोग गर्नु;

(च) फरक गन्तव्यमा लैजानु;

(छ) म्याद समाप्त भएको पास प्रयोग गर्नु;

(ज) नक्कली वा परिवर्तन गरिएको पास प्रयोग गर्नु;

(झ) पासको फोटो/प्रतिलिपि मात्र देखाई ढुवानी गर्नु;

(ञ) अन्य व्यक्तिको नाममा जारी पास प्रयोग गर्नु;

(ट) अन्य कुनै माध्यमबाट पास प्रणालीलाई छल्ने प्रयास गर्नु।

देहायका अवस्थामा जारी भएको निकासी पास रद्द वा निलम्बन गर्न सकिनेछः-

(क) गलत विवरणका आधारमा पास जारी भएको प्रमाणित भएमा;

(ख) स्रोत अवैध वा अनधिकृत देखिएमा;

(ग) तोकिएको परिमाणभन्दा बढी ढुवानी गरेको पाइएमा;

(घ) गन्तव्य परिवर्तन गरेको पाइएमा;

(ङ) नक्कली वा दुरुपयोग गरिएको पाइएमा;

(च) राजस्व/दस्तुर सम्बन्धी दायित्व पूरा नभएको भएमा;

(छ) वातावरणीय वा अन्य कानूनी शर्त उल्लङ्घन गरेको भएमा;

(ज) प्रचलित कानूनबमोजिम अन्य कारणबाट रद्द गर्नुपर्ने भएमा।

### ७७. आन्तरिक उपयोगका लागि ढुवानी

(१) गाउँपालिकाको स्वीकृत योजना, कार्यक्रम वा सार्वजनिक प्रयोजनका लागि आन्तरिक रूपमा प्रयोग गरिने नदीजन्य पदार्थको ढुवानीमा समेत स्रोत, परिमाण, गन्तव्य तथा प्रयोजन खुल्ने आन्तरिक उपयोग पास/ढुवानी अनुमति आवश्यक हुनेछ ।

(२) विपद्जन्य क्षति, भत्केका/जीर्ण सडक, पुल, कल्भर्ट, तटबन्ध, नाला तथा अन्य सार्वजनिक संरचनाको तत्काल मर्मत, पुनर्निर्माण वा संरक्षणका लागि गाउँपालिकाको अधिकारप्राप्त निकायबाट निःशुल्क उपलब्ध गराउने निर्णय भएको नदीजन्य पदार्थको हकमा समेत ढुवानी तथा प्रयोगको परिमाण र गन्तव्यको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ।

(३) आन्तरिक उपयोगका लागि जारी गरिएको पास प्रयोग गरी नदीजन्य पदार्थलाई व्यावसायिक रूपमा बिक्री वा अन्यत्र निकासी गर्न पाइने छैन।

### ७८. पास/अनुमतिविना वा पास/अनुमति विपरीत ढुवानीमा कारबाही

(१) निकासी पास बिना वा पासमा उल्लेख भएको विवरणभन्दा फरक गरी नदीजन्य पदार्थ ढुवानी गरेको पाइएमा सम्बन्धित सवारी, पदार्थ तथा कागजातको विवरण अभिलेख गरी प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गरिनेछ।

(२) आवश्यक देखिएमा नदीजन्य पदार्थलाई **नियन्त्रणमा लिई स्रोत तथा वैधानिकता परीक्षण** गर्न सकिनेछ।

(३) पासको दुरुपयोग, नक्कली पास, बढी परिमाण, फरक स्रोत वा फरक गन्तव्यबाट भएको उल्लङ्घनको प्रकृतिअनुसार प्रचलित कानून, गाउँपालिकाको आर्थिक ऐन तथा यस कार्यविधिबमोजिम **राजस्व, शुल्क, जरिवाना, क्षतिपूर्ति वा अन्य कानूनी दायित्व** असुल गर्न सकिनेछ।

(४) उल्लङ्घन गम्भीर प्रकृतिको देखिएमा सम्बन्धित ठेकेदार, व्यवसायी, उद्योग वा ढुवानीकर्तालाई भविष्यमा गाउँपालिकाबाट जारी हुने निकासी पासमा निलम्बन, रोक वा कालोसूचीसम्बन्धी कारबाही प्रचलित कानूनबमोजिम गर्न सकिनेछ।

## परिच्छेद–११

## वित्तीय व्यवस्थापन तथा राजश्व असुली

### ७९. राजस्व संकलन तथा निर्धारण

(१) नदीजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग, बिक्री, लिलाम, प्रशोधन तथा निकासीबाट प्राप्त हुने कर, शुल्क, दस्तुर, बिक्री रकम, लिलाम रकम, सेवा शुल्क, जरिवाना, क्षतिपूर्ति तथा प्रचलित कानूनबमोजिम प्राप्त हुने अन्य रक**म** गाउँपालिकाको आर्थिक ऐन तथा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम निर्धारण तथा असुल गरिनेछ।

(२) नदीजन्य पदार्थको राजस्व निर्धारण गर्दा गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक ऐनमा स्वीकृत दररेट तथा प्रचलित कानूनमा तोकिएको आधारलाई अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(३) नदीजन्य पदार्थको बिक्री वा निकासीमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य दायित्वको दर परिवर्तन भएमा परिवर्तन भएको मितिदेखि लागू हुने व्यवस्था प्रचलित कानून तथा गाउँपालिकाको आर्थिक ऐनबमोजिम हुनेछ।

(४) राजस्व निर्धारण गर्दा पदार्थको प्रकार, परिमाण, स्रोत, उपयोग/निकासीको प्रयोजन तथा लागू हुने दररेटलाई आधार लिनुपर्नेछ।

### ८०. राजस्व असुली गर्ने जिम्मेवारी

(१) नदीजन्य पदार्थबाट प्राप्त हुने राजस्व गाउँपालिकाको राजस्व शाखा, लेखा शाखा/सम्बन्धित राजस्व संकलन गर्ने अधिकार प्राप्त कर्मचारी मार्फत प्रचलित कानूनबमोजिम संकलन गरिनेछ।

(२) ठेक्का वा लिलाम प्रक्रियामार्फत नदीजन्य पदार्थ बिक्री गरिएको अवस्थामा सम्झौतामा तोकिएको रकम तथा शर्तअनुसार राजस्व/बिक्री रकम असुल गर्ने जिम्मेवारी सम्बन्धित शाखा तथा अधिकार प्राप्त अधिकारीको हुनेछ।

(३) राजस्व असुली गर्ने कर्मचारीले संकलित रकमको दैनिक हिसाब, रसिद तथा बैंक दाखिला विवरण अद्यावधिक राख्नुपर्नेछ।

(४) कुनै कर्मचारी, ठेकेदार, व्यवसायी वा अन्य व्यक्तिले गाउँपालिकाको तर्फबाट उठाएको राजस्व व्यक्तिगत रूपमा राख्न, अन्य प्रयोजनमा प्रयोग गर्न वा तोकिएको समयमा दाखिला नगर्न पाइने छैन।

### ८१. ठेक्का तथा लिलामबाट प्राप्त रकम

(१) नदीजन्य पदार्थको बिक्री, व्यवस्थापन, ठेक्का वा लिलामबाट प्राप्त हुने रकम सम्बन्धित सम्झौता, स्वीकृत दर, लिलाम कबोल, किस्ता, धरौटी, अग्रिम रकम तथा अन्य वित्तीय दायित्व बमोजिम प्रचलित कानूनअनुसार गाउँपालिकाले असुल तथा दाखिला गर्नुपर्नेछ।

(२) ठेकेदार वा लिलाम सकारकर्ताले सम्झौतामा तोकिएको अवधिभित्र रकम दाखिला नगरेमा गाउँपालिकाले बक्यौता रकम, प्रचलित कानून तथा सम्झौताबमोजिम लाग्ने ब्याज/हर्जाना असुल गरी आवश्यकतानुसार बैंक जमानत वा धरौटी जफत गर्न सक्नेछ।

(३) रकम दाखिला नगरेको अवस्थामा बाँकी रकम सरकारी बाँकीसरह असुल गर्ने, सम्झौता रद्द गर्ने तथा आवश्यकतानुसार पुनःलिलाम/व्यवस्थापन गर्ने लगायतका कारबाही प्रचलित कानून, सम्झौता तथा गाउँपालिकाको आर्थिक ऐनबमोजिम गर्न सकिनेछ।

### ८२. बक्यौता तथा बेरुजु असुली

(१) नदीजन्य पदार्थको ठेक्का, लिलाम, बिक्री वा अन्य कारोबारबाट गाउँपालिकालाई प्राप्त हुनुपर्ने रकम समयमा प्राप्त नभएमा त्यस्तो रकमलाई बक्यौता रकम का रूपमा अभिलेख गरी असुली प्रक्रिया अगाडि बढाउनुपर्नेछ।

(२) कुनै ठेक्काबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम बेरुजु, बक्यौता वा असुलउपर गर्नुपर्ने दायित्वको रूपमा कायम रहेको अवस्थामा, सम्बन्धित ठेक्कासँग सम्बन्धित नदीजन्य पदार्थको बाँकी स्टक वा बिक्रीयोग्य स्टकलाई गाउँपालिकाले लिलाम बिक्री गरी प्राप्त रकमबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम असुलउपर गर्न सक्नेछ। लिलाम बिक्रीबाट प्राप्त रकम गाउँपालिकालाई तिर्नुपर्ने सम्पूर्ण रकम असुलउपर गर्न अपुग भएमा बाँकी रकमसमेत प्रचलित कानूनबमोजिम सम्बन्धित ठेकेदारबाट असुलउपर गरिनेछ।

३) उपदफा (२) बमोजिम लिलाम बिक्रीबाट प्राप्त रकमबाट गाउँपालिकालाई तिर्नुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा सम्बन्धित ठेकेदार/व्यवसायीको जमानत, धरौटी, बाँकी भुक्तानी तथा निजबाट गाउँपालिकालाई प्राप्त हुन बाँकी अन्य रकमबाट समेत बाँकी रकम असुलउपर गर्न सकिनेछ।

परिच्छेद–१२

## कसुर, कारबाही तथा दायित्व

### ८३. कसुर तथा उल्लङ्घन मानिने कार्य

(१) अनुमति, स्रोत, क्षेत्र, परिमाण तथा वातावरणीय शर्तसम्बन्धी उल्लङ्घनः- आवश्यक अनुमति वा स्वीकृति बिना नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्ने, स्वीकृत स्रोत वा क्षेत्रभन्दा बाहिर उत्खनन् गर्ने, स्वीकृत परिमाण वा अवधिभन्दा बढी उत्खनन् गर्ने तथा वातावरणीय अध्ययन, प्राविधिक प्रतिवेदन वा सम्बन्धित निकायको स्वीकृतिविपरीत कार्य गर्ने ।

(२) स्टक, स्रोत तथा अभिलेखसम्बन्धी उल्लङ्घनः- स्रोत नखुलेको वा वैधानिकता प्रमाणित नभएको नदीजन्य पदार्थ राख्ने, स्वीकृत वा घोषित परिमाणभन्दा बढी स्टक राख्ने, वास्तविक स्टक लुकाउने, गलत विवरण दिने वा नक्कली, झुट्टा, परिवर्तन गरिएको वा अवैध स्रोतको पदार्थलाई वैध देखाउने कागजात पेश गर्ने।

(३) बिक्री, उपयोग तथा सम्झौतासम्बन्धी उल्लङ्घनः- स्वीकृति वा अधिकारबिना बिक्री वा उपयोग गर्ने, ठेक्का, लिलाम वा सम्झौताका शर्तविपरीत कारोबार गर्ने, आन्तरिक प्रयोजनका लागि उपलब्ध गराइएको नदीजन्य पदार्थ अन्य प्रयोजनमा प्रयोग वा व्यावसायिक बिक्री गर्ने तथा बिक्री, उपयोग वा कारोबारको वास्तविक परिमाण र विवरण लुकाउने ।

(४) ढुवानी, निकासी तथा राजस्वसम्बन्धी उल्लङ्घनः- वैध निकासी/ढुवानी पासबिना वा पासमा उल्लिखित स्रोत, परिमाण, गन्तव्य, सवारी साधन वा अवधिभन्दा फरक हुने गरी नदीजन्य पदार्थ ढुवानी वा निकासी गर्ने, एउटै पास पटक–पटक प्रयोग गर्ने, नक्कली वा दुरुपयोग गरिएको पास प्रयोग गर्ने तथा लाग्ने कर, शुल्क, दस्तुर वा बिक्री रकम नतिर्ने, कम देखाउने वा झुट्टा राजस्व दाखिला प्रमाण पेश गर्ने।

(५) डिजिटल प्रणाली, अनुगमन तथा आदेश उल्लङ्घनः- VCTS, Online Bill, GPS वा अन्य डिजिटल ट्र्याकिङ प्रणालीमा जानाजानी छेडछाड, निष्क्रियता वा गलत विवरण प्रविष्ट गर्ने, अनुगमन, निरीक्षण वा नापजाँचमा अवरोध गर्ने, माग गरिएका कागजात वा सूचना उपलब्ध नगराउने, झुट्टा विवरण वा प्रमाण पेश गर्ने तथा गाउँपालिका वा अधिकारप्राप्त निकायबाट रोक लगाइएको कार्य पुनः सञ्चालन गर्ने ।

(६) उपदफा (१) देखि (५) बमोजिमका कार्यलाई प्रचलित कानूनबमोजिम कसुर वा उल्लङ्घन मानी सम्बन्धित कानून, आर्थिक ऐन तथा यस कार्यविधि बमोजिम आवश्यक कारबाही गर्न सकिनेछ ।

### ८४. कारबाही, अनुमति निलम्बन वा खारेजी तथा क्षतिपूर्ति

(१) यस कार्यविधि वा प्रचलित कानूनबमोजिम जारी भएको अनुमति, स्वीकृति, ठेक्का वा सम्झौताका शर्त उल्लङ्घन गर्ने व्यक्ति, फर्म, कम्पनी, उद्योग वा संस्थालाई प्रचलित कानूनबमोजिम चेतावनी, निर्देशन, सुधारको समयसीमा, जरिवाना, राजस्व असुली तथा आवश्यक अन्य कारबाही गर्न सकिनेछ ।

(२) उल्लङ्घनको प्रकृति, गम्भीरता तथा दोहोरिएको अवस्था हेरी सम्बन्धित कानूनबमोजिम जारी भएको अनुमति वा स्वीकृति निलम्बन, रोक्का वा खारेजीका लागि आवश्यक प्रक्रिया अघि बढाउन **सकिनेछ ।** यस्तो कारबाही गर्दा प्रचलित कानूनबमोजिम सूचना, स्पष्टीकरण तथा सुनुवाइको अवसर प्रदान गर्नुपर्नेछ ।

(३) स्वीकृत परिमाणभन्दा बढी उत्खनन्, अवैध स्रोतबाट संकलन, अनधिकृत बिक्री वा निकासी, स्रोत नखुलेको स्टक, राजस्व छली वा अन्य गैरकानूनी कार्यबाट प्राप्त नदीजन्य पदार्थ फेला परेमा त्यस्तो पदार्थ नियन्त्रणमा लिई प्रचलित कानूनबमोजिम जफत, राजस्व तथा जरिवाना असुली र अन्य कानूनी कारबाही गर्न सकिनेछ ।

(४) नदीजन्य पदार्थको उत्खनन्, संकलन, ढुवानी, प्रशोधन वा अन्य कार्यबाट नदी, तट, सडक, पुल, तटबन्ध, कृषि भूमि, वातावरण वा सार्वजनिक संरचनामा क्षति पुगेमा सम्बन्धित पक्षबाट क्षतिको प्राविधिक मूल्याङ्कनका आधारमा क्षतिपूर्ति असुल गरी क्षतिग्रस्त संरचना वा वातावरणको पुनर्स्थापना गराउन सकिनेछ ।

(५) प्रचलित कानून वा यस कार्यविधिबमोजिम गरिएको कारबाहीबाट गाउँपालिकालाई प्राप्त हुनुपर्ने राजस्व, शुल्क, जरिवाना, क्षतिपूर्ति वा अन्य रकम असुल हुन बाँकी रहेमा सरकारी बाँकीसरह असुल गर्ने प्रक्रिया अघि बढाउन, आवश्यकतानुसार अनुमति/सम्झौता रद्द गर्ने तथा प्रचलित कानूनबमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई जिम्मेवार बनाई थप कानूनी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

### ८५. अवैध तथा स्रोत नखुलेको नदीजन्य पदार्थ

(१) गाउँपालिकाको क्षेत्राधिकारभित्र स्रोत, स्वामित्व, उत्पत्ति, खरिद, बिक्री, अनुमति वा वैधानिकता पुष्टि हुन नसकेको नदीजन्य पदार्थ फेला परेमा गाउँपालिकाले उपलब्ध अभिलेख, कागजात, डिजिटल विवरण तथा स्थलगत नापजाँचका आधारमा त्यस्तो पदार्थको कानूनी अवस्था यकिन गर्नेछ। स्रोत वा वैधानिकता तत्काल यकिन हुन नसकेको अवस्थामा मात्र सम्बन्धित पक्षलाई प्रचलित कानूनबमोजिम प्रमाण तथा स्पष्टीकरण पेश गर्ने उचित अवसर प्रदान गर्न सकिनेछ ।

(२) अनुमति वा स्वीकृति बिना उत्खनन्/संकलन गरिएको, निषेधित क्षेत्रबाट उत्खनन् गरिएको, स्वीकृत परिमाण वा क्षेत्रभन्दा बाहिरबाट प्राप्त भएको वा अन्य प्रमाणबाट प्रत्यक्ष रूपमा अवैध देखिएको नदीजन्य पदार्थको हकमा छुट्टै स्पष्टीकरणको अवसर प्रदान गर्न आवश्यक नपर्ने गरी गाउँपालिकाले प्रचलित कानूनबमोजिम तत्काल नियन्त्रणमा लिई आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन सक्नेछ ।

(३) नियन्त्रणमा लिइएको नदीजन्य पदार्थको स्रोत, परिमाण, प्रकृति तथा कानूनी हैसियत प्राविधिक शाखा तथा मूल्याङ्कन समितिबाट यकिन गराई प्रमुख प्रशासकीय अधिकृत समक्ष आवश्यक निर्णयका लागि पेश गर्नुपर्नेछ । स्रोत नखुलेको वा अवैध ठहर भएको पदार्थको हकमा प्रचलित कानूनबमोजिम राजस्व, जरिवाना, जफत तथा अन्य आवश्यक कारबाही गर्न सकिनेछ ।

(४) प्रचलित कानूनबमोजिम गाउँपालिकाको व्यवस्थापनमा आएको नदीजन्य पदार्थलाई सम्भव भएसम्म सार्वजनिक प्रयोजनमा उपयोग वा अन्य वैधानिक माध्यमबाट व्यवस्थापन गर्ने र अन्यथा व्यवस्थापन गर्न नसकिने अवस्थामा मात्र लिलामलाई अन्तिम विकल्पका रूपमा अपनाई प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा पारदर्शी प्रतिस्पर्धात्मक प्रक्रियाबाट लिलाम गर्न सकिनेछ ।

## परिच्छेद–१३

## नदीजन्य पदार्थको प्राथमिकता, उपयोग, वितरण तथा निकासी

### ८६. नदीजन्य पदार्थको व्यवस्थापनका आधार

(१) गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका नदी, खोला तथा जलाधार क्षेत्रबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मिस्कट, माटो लगायतका नदीजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग, बिक्री, वितरण तथा निकासी गर्दा

प्रचलित संघीय कानून, प्रदेश कानून, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, स्वीकृत उत्खनन् कार्ययोजना, प्राविधिक प्रतिवेदन तथा यस कार्यविधिको अधीनमा रही गर्नुपर्नेछ।

(२) गाउँपालिकाले नदीजन्य पदार्थको व्यवस्थापन गर्दा स्रोतको संरक्षण, वातावरणीय सन्तुलन, नदी तथा जलाधारको प्राकृतिक बहाव, सार्वजनिक तथा निजी सम्पत्तिको संरक्षण, स्थानीय आवश्यकता, सार्वजनिक हित तथा दिगो उपयोगलाई प्राथमिक आधार मान्नेछ।

(३) वातावरणीय अध्ययन प्रतिवेदनबाट स्वीकृत नभएको क्षेत्रबाट वा स्वीकृत परिमाण, क्षेत्र, गहिराइ, विधि तथा अवधिभन्दा बाहिर गई नदीजन्य पदार्थ उत्खनन्, संकलन वा निकासी गर्न पाइने छैन।

(४) प्रत्येक आर्थिक वर्षमा नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्नुअघि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, प्राविधिक अध्ययन तथा स्थल परीक्षणका आधारमा उपलब्ध तथा उत्खनन् गर्न सकिने परिमाण यकिन गरी सोही परिमाणको सीमाभित्र रही व्यवस्थापन गरिनेछ।

## ८७. नदीजन्य पदार्थको प्राथमिकता निर्धारण

(१) गाउँपालिकाको क्षेत्रबाट उपलब्ध हुने नदीजन्य पदार्थको उपयोग तथा वितरण गर्दा देहायबमोजिमको प्राथमिकता क्रम कायम गरिनेछः

(क) राष्ट्रिय गौरवका आयोजना,

(ख) नेपाल सरकार वा प्रदेश सरकारबाट घोषित वा प्राथमिकता प्राप्त आयोजना,

(ग) विपद् व्यवस्थापन, नदी नियन्त्रण, तटबन्ध, पुल, सडक तथा अन्य अत्यावश्यक सार्वजनिक पूर्वाधार सम्बन्धी आयोजना,

(घ) गाउँपालिकाभित्र सञ्चालन हुने गाउँपालिका, वडा, प्रदेश सरकार, नेपाल सरकार वा अन्य सार्वजनिक निकायका स्वीकृत आयोजना तथा निर्माण कार्य,

(ङ) अन्य स्थानीय तहभित्र सञ्चालन हुने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सार्वजनिक तथा प्राथमिकताप्राप्त आयोजना,

(च) प्रचलित कानूनबमोजिम स्वीकृत अन्य सार्वजनिक वा संस्थागत प्रयोजन,

(छ) उपर्युक्त प्राथमिकताहरू पूरा भएपछि मात्र व्यावसायिक तथा अन्य निजी प्रयोजनका लागि नदीजन्य पदार्थको उपलब्धता तथा निकासी।

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारण गर्दा उपलब्ध नदीजन्य पदार्थको परिमाण, स्वीकृत वातावरणीय अध्ययन, प्राविधिक रूपमा यकिन भएको उत्खनन् योग्य परिमाण, आयोजनाको वास्तविक आवश्यकता तथा सार्वजनिक हितलाई आधार मानिनेछ।

## ८८. राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनालाई नदीजन्य पदार्थ उपलब्ध गराउने

(१) गाउँपालिकाको क्षेत्रभित्र स्वीकृत वातावरणीय अध्ययन भएको स्रोतबाट उपलब्ध नदीजन्य पदार्थमध्ये राष्ट्रिय गौरव तथा नेपाल सरकार वा प्रदेश सरकारबाट प्राथमिकताप्राप्त आयोजनालाई पहिलो प्राथमिकता दिइनेछ।

(२) नदीजन्य पदार्थ उपलब्ध गराउँदा सम्बन्धित आयोजनाको स्वीकृत लागत अनुमान, प्राविधिक आवश्यकता, माग गरिएको परिमाण तथा स्वीकृत वातावरणीय अध्ययनबाट निर्धारण भएको सीमालाई आधार मानिनेछ।

(३) त्यस्ता आयोजनाका लागि सम्बन्धित निकायको आधिकारिक माग प्राप्त भएपछि उपलब्ध स्रोत, स्वीकृत उत्खनन् परिमाण र प्रचलित कानूनको अधीनमा रही गाउँपालिकाले नदीजन्य पदार्थ उपलब्ध गराउने व्यवस्था गर्नेछ।

## ८९. गाउँपालिकाभित्रका आयोजनालाई प्राथमिकता

(१) राप्ती सोनारी गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनालाई पहिलो प्राथमिकता दिई नदीजन्य पदार्थ उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजनाको आवश्यकता पूरा भएपछि मात्र राप्ती सोनारी गाउँपालिकाभित्र सञ्चालनमा रहेका अन्य स्वीकृत आयोजना तथा सार्वजनिक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाभित्रका आयोजनाको आवश्यकता पूरा भएपछि मात्र अन्य स्थान वा अन्य स्थानीय तहमा सञ्चालनमा रहेका राष्ट्रिय गौरव, प्राथमिकता प्राप्त तथा सार्वजनिक आयोजनालाई उपलब्ध स्रोतको आधारमा प्राथमिकता दिइन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अन्य स्थानीय तहमा सञ्चालनमा रहेका आयोजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहको आधिकारिक सिफारिस अनिवार्य हुनेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम प्राथमिकता निर्धारण गर्दा स्वीकृत वातावरणीय अध्ययन, प्राविधिक रूपमा यकिन भएको परिमाण, उपलब्ध स्रोत तथा प्रचलित कानून बमोजिम मात्र नदीजन्य पदार्थ उपलब्ध गराइनेछ ।

## ९०. अन्य स्थानीय तहका आयोजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने

(१) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, अन्य स्थानीय तहमा सञ्चालन हुने स्वीकृत आयोजनाका लागि सम्बन्धित स्थानीय तहको सिफारिस, आयोजना कार्यालयको सिफारिस तथा सम्बन्धित निर्माण व्यवसायी/कम्पनीको आधिकारिक मागका आधारमा नदीजन्य पदार्थ उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउँदा आयोजनाको वास्तविक आवश्यकता तथा माग गरिएको परिमाण**का** आधारमा मात्र उपलब्ध गराइनेछ ।

(३) नदीजन्य पदार्थ उपलब्ध गराउँदा स्वीकृत वातावरणीय अध्ययन तथा प्राविधिक रूपमा यकिन भएको उत्खनन् परिमाणको सीमाभित्र रही उपलब्ध गराइनेछ ।

(४) सम्बन्धित स्थानीय तहको सिफारिस, आयोजना कार्यालयको सिफारिस तथा निर्माण व्यवसायी/कम्पनीको आधिकारिक माग नभएको अवस्थामा अन्य स्थानीय तहमा नदीजन्य पदार्थ उपलब्ध गराइने छैन ।

(५) यस दफाबमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउँदा प्रचलित कानून, स्वीकृत कार्ययोजना तथा गाउँपालिकाले तोकेको प्रक्रिया र शर्तको पालना गर्नुपर्नेछ ।

## ९१. स्वीकृत प्रयोजनभन्दा फरक प्रयोग गर्न नहुने

(१) गाउँपालिकाबाट स्वीकृति, सिफारिस वा निकासी पास प्राप्त गरी लगिएको नदीजन्य पदार्थ स्वीकृत आयोजना तथा तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

(२) स्वीकृत आयोजना वा प्रयोजनबाहेक नदीजन्य पदार्थ बिक्री, पुनःबिक्री, हस्तान्तरण, भण्डारण वा अन्यत्र प्रयोग गर्न पाइने छैन ।

(३) सिफारिस वा स्वीकृत परिमाणभन्दा बढी नदीजन्य पदार्थ आवश्यक भएमा सम्बन्धित स्थानीय तहको थप/संशोधित सिफारिस तथा गाउँपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(४) नदीजन्य पदार्थ स्वीकृत प्रयोजनविपरीत प्रयोग, बिक्री वा हस्तान्तरण गरेको पाइएमा गाउँपालिकाले निकासी अनुमति तथा पास रद्द गरी प्रचलित कानूनबमोजिम कारबाही गर्नेछ।

(५) उपदफा (४) बमोजिमको उल्लङ्घनबाट गाउँपालिकालाई राजस्व, वातावरणीय वा अन्य क्षति पुगेमा क्षतिपूर्ति असुलउपर गर्नुका साथै प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सकिनेछ।

### ९२. निकासी अनुमति तथा पास

(१) गाउँपालिकाको पूर्वस्वीकृति तथा वैध निकासी पास प्राप्त नगरी गाउँपालिकाको क्षेत्रबाट नदीजन्य पदार्थ अन्यत्र निकासी, ढुवानी वा स्थानान्तरण गर्न पाइने छैन।

(२) निकासी पास/अनुमतिमा स्रोत, नदीजन्य पदार्थको प्रकार, स्वीकृत परिमाण, सवारी साधन नम्बर, गन्तव्य, मिति, समय तथा प्रयोजन अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) निकासी पासमा उल्लेख भएको परिमाण, सवारी साधन, गन्तव्य तथा प्रयोजनभन्दा फरक हुने गरी नदीजन्य पदार्थ ढुवानी वा निकासी गर्न पाइने छैन।

(४) स्वीकृति वा निकासी पासबिना, वा पासमा उल्लिखित शर्तविपरीत नदीजन्य पदार्थ निकासी वा ढुवानी गरेको पाइएमा निकासी रोक्का गरी नदीजन्य पदार्थ जफत, पास रद्द तथा प्रचलित कानूनबमोजिम कारबाही र राजस्व/क्षतिपूर्ति असुलउपर गर्न सकिनेछ।

परिच्छेद - १४

## विविध

### ९३. संशोधन तथा समयानुकूल परिमार्जन

(१) यस कार्यविधिमा प्रचलित संघीय तथा प्रदेश कानून, न्यायिक व्याख्या, नीतिगत व्यवस्था, प्रविधिगत परिवर्तन, वातावरणीय अवस्था वा गाउँपालिकाको कार्यानुभवका आधारमा आवश्यक संशोधन, परिमार्जन वा थपघट गर्नुपर्ने भए गाउँ कार्यपालिकाले आवश्यक प्रस्ताव तयार गरी प्रचलित स्थानीय कानून निर्माण तथा संशोधन सम्बन्धी प्रक्रिया पूरा गरी गर्न सक्नेछ।

(२) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कानूनको व्यवस्था लागू हुनेछ र गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाई तत्काल समयानुकूल संशोधन वा परिमार्जन गर्ने प्रक्रिया अघि बढाउनुपर्नेछ।

### ९४. खारेजी तथा बचाउ

(१) यो कार्यविधि लागू भएपछि यसै विषयमा गाउँपालिकाबाट यसअघि जारी भएका कार्यविधि, निर्देशिका, निर्णय वा आदेशमध्ये यस कार्यविधिसँग बाझिएका व्यवस्था बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्।

(२) यो कार्यविधि लागू हुनुअघि प्रचलित कानूनबमोजिम भए गरेका निर्णय, सम्झौता, अनुमति, स्वीकृति, असुली तथा अन्य कानूनी कार्यहरू यस कार्यविधिका कारण अमान्य हुने छैनन्।

(३) कार्यविधि लागू हुनुअघि प्रारम्भ भएका लिलाम, बिक्री, स्टक व्यवस्थापन तथा अन्य प्रक्रियालाई प्रचलित कानून तथा तत्काल कायम रहेको व्यवस्था बमोजिम टुङ्गो लगाइनेछ।

(४) यस कार्यविधिमा व्यवस्था नभएका वा कार्यान्वयनका क्रममा उत्पन्न हुने नयाँ वा जटिल विषयमा प्रचलित संघीय तथा प्रदेश कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय वा कार्यान्वयनसम्बन्धी व्यवस्था गर्न सक्नेछ।

**आज्ञाले**
**मणिराम खराल**
**प्रमुख प्रशासकीय अधिकृत**